# विदेशी शिक्षण संस्थाको सम्बन्धनमा नेपालमा सञ्चालित शिक्षण संस्थाहरुको अध्ययनका लागि गठित विज्ञ समितिको प्रतिवेदन, २०८१

जेठ, २०८१

## १. पृष्ठभूमी

नेपालको संविधानले निर्दिष्ट गरेको शिक्षासम्बन्धी हक र शिक्षासम्बन्धी निर्धारित नीति र अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूप सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी नियमन एवं सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियालाई सबलीकरण गर्नुपर्ने देखिन्छ। यस परिप्रेक्ष्यमा शिक्षा सार्वजनिक वस्तु (Public goods) हो र यसमा सामान्यतया नाफा भन्दा पनि सेवा प्रमुख तत्त्व हुन्छ भन्ने नेपालको संविधानको धारा ३१ धारा ५१ (ज) (२) तथा शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय कानुनका मान्यता अन्तर्गत रही निजी क्षेत्रबाट शिक्षण संस्था सञ्चालन गर्ने कुनै पनि निकाय वा त्यस्ता सञ्चालकले आफ्नो कर्तव्य र राज्यको दायित्व भित्रको विषय हो भन्ने कुरा व्यवहार त स्थापित गरिनुपर्दछ। (सर्वोच्च अदालत, फैसला ०७६-WO-०८०५, बुंदा नं. २१)

नेपाल सन् २००४ को अप्रिलमा विश्वव्यापार संगठनमा प्रवेश गरे पश्चात् उच्च शिक्षाको क्षेत्रमा विदेशी शिक्षण संस्था/विश्व विद्यालयहरुबाट सञ्चालित शैक्षिक कार्यक्रमहरु अनुमति लिई सञ्चालन हुन थालेको पाइन्छ। प्राप्त दस्तावेज अनुसार मिती २०५६।०६।०५ गते शिक्षा मन्त्रालयमा माननीय मन्त्रीज्यूको उपस्थितिमा भएको बैठकले पहिलो पटक विदेशी शिक्षण संस्थाहरुबाट सम्बन्धन प्राप्त गरी नेपाल भित्र खुलेका शिक्षण संस्थाहरुलाई नियमन गर्नु पर्ने निर्णय गरेको पाइन्छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तथ्यांक अनुसार हाल नेपालमा ८८ वटा कलेज/शिक्षण संस्थाले विदेशी शिक्षण संस्था वा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सञ्चालनमा रहेका छन्। जसमा ए लेभल र सो सरहका ३२ वटा सहित उच्च शिक्षा (स्नातक र स्नातकोत्तर) सम्म पढाइ हुने ५९ वटा कलेज/शिक्षण संस्थाहरु रहेका छन्। काठमाडौं उपत्याका बाहिर नेपालका प्रमुख सहरहरुमा विदेशी सम्बन्धनका यस्ता कलेज/शिक्षण संस्थाहरुको संख्या २२ रहेको छ। हाल नेपालमा उच्च शिक्षाको क्षेत्रमा विभिन्न ऐनहरु मार्फत् १३ वटा विश्व विद्यालयहरु स्थापना भई सञ्चालनमा रहेका र ती विश्वविद्यालय अन्तर्गत १,३५६ वटा आङ्गिक तथा सम्बन्धन प्राप्त सामुदयिक र निजी क्याम्पसहरु सञ्चालनमा रहेका छन्।

## २. अवस्थाको विश्लेषण

कानूनतः कुनै विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन प्राप्त गरी नेपालमा स्नातक तह वा सो भन्दा माथिल्लो तहको शिक्षण संस्था सञ्चालन गर्ने कार्यलाई व्यवस्थित र नियन्त्रित गराउने उद्धेश्यले विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९

नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०५९/११/२६ मा स्वीकृत भई कार्यान्वयनमा रहेको र हाल सञ्चालित विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेज/शिक्षण संस्थाहरुको नियमन, अनुगमन र नविकरणको काम यसै निर्देशिका बमोजिम हुने गरेको छ। यस निर्देशिकाको प्रथम संशोधन मिति २०७२/०४/३२ मा र दोस्रो संशोधन मिति २०७४/०५/०८ मा भएको देखिन्छ।

विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ जारी हुनु अघि देखि नै विदेशी शिक्षण संस्थाको सम्बन्धनमा कलेजहरुको सञ्चालन भएको पाइन्छ। यस्ता कलेजहरुको व्यवस्थापन माननीय मन्त्रीज्यूको अध्यक्षता पटक पटक वैठकहरू बसी गरेको देखिन्छ। यसरी निर्देशिका २०५९ जारी हुनु अगाडि र सो पछिका निर्णयहरूको सार अनुसूचि-१ मा समावेश गरिएको छ। यसका साथै विभिन्न समयमा गठित कार्यदल तथा समितीहरूको प्रतिवेदनमा उल्लेख गरिएका सम्बन्धित विषयको सार अनुसूचि-२ मा उल्लेख गरिएको छ । यसका साथै सम्मानित सर्वोच्च अदालतको मिति २०७९।०६।०६ गते भएको फैसला (०७७-WO-११७२) को बुंदा नं. २२ मा निजी शैक्षिक संस्थाहरूको नियमन र व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौंको नाममा निर्देशनात्मक आदेश समेत जारी हुने ठहर्छ भनी उल्लेख भएको ।

मुख्यतः विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूले दुई किसिमका कार्यक्रमहरू संचालन गर्दै आएको पाइयो। पहिलो, नवीन कार्यक्रमहरू जुन नेपालका विश्वविद्यालयले संचालन गर्दैनन्, र दोश्रो, नेपाल कै विश्वविद्यालयले संचालन गरे जस्तै प्रकृतिका कार्यक्रमहरू रहेका छन्। यस्ता शिक्षण संस्थाहरूको मुख्य उद्देश्य उच्च शिक्षा हासिल गर्न विदेशमा जाने विद्यार्थी संख्यालाई कम गर्न नेपाल मै विदेशी विश्वविद्यालयको शैक्षिक उपाधि प्रदान गर्नु रहेको देखिन्छ।

## ३. प्रमुख समस्याहरू

विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ बमोजिमका शैक्षिक मापदण्ड पूरा गरी विगतमा विभिन्न मितिमा सञ्चालन अनुमति प्राप्त यस्ताले शिक्षण संस्थाहरूले विदेशको तुलनामा कम खर्चमै विदेशी शिक्षा र शैक्षिक उपाधि स्वदेशमै दिने गरेका छन्। सम्बन्धन दिने विदेशी विश्वविद्यालयको आधिकारिकता र उक्त विश्व विद्यालयले विदेशमा शैक्षिक संस्थाहरुलाई सम्बन्धन प्रदान गर्ने प्रावधान रहे वा नहेको सम्बन्धमा तथा सम्बन्धित कलेज/शिक्षण संस्था र सम्बन्धन दिने विश्वविद्यालय बीच भएको सम्झौता (MOU) को बैधता सम्बन्धमा र सम्बन्धन दिने विश्वविद्यालयको गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) प्राप्त विश्वविद्यालय हो वा होइन भन्ने

## विषय सूचि

१. पृष्ठभूमी ........ १
२. अवस्थाको विश्लेषण ........ १
३. प्रमुख समस्याहरू ........ २
४. अध्ययनको उद्देश्य तथा कार्यक्षेत्र ........ ६
५. विज्ञ समितीको गठन ........ ६
६. अध्ययन विधी ........ ७
७. समितिको सिफारिस ........ ७
८. निर्देशिका कार्यान्वयन व्यवस्था ........ १२
९. निश्कर्ष ........ १२
सन्दर्भ सामाग्रीहरू ........ १३
अनुसूचिहरू ........ १४

## अनुसूचिहरू

अनुसूचि १ : विभिन्न मन्त्री तथा सचिव स्तरीय निर्णहरूको सार ........ १४
अनुसूचि २: विभिन्न कार्यदल र समितीका प्रतिवेदनको सार ........ २२
अनुसूचि ३ : निर्देशिकाको पहिलो र दोश्रो संशोधनमा भएका परिवर्तनहरु ........ २६
अनुसूचि ४: इन्टरनेशनल एजुकेशन प्रोभाइडर्स एसोशिएसन अफ नेपाल- आइप्यान ........ २९

सम्बन्धमा परराष्ट्र मन्त्रालय मार्फत नेपाली राजदुतावासमा वा सोझै पनि बुझ्न सक्ने व्यवस्था रहेको देखिछ।

विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ ले अनुमति सम्बन्धी व्यवस्था, मन्त्रालयबाट अनुमति लिएर मात्र कार्यक्रम सञ्चालन गर्नु पर्ने, अनुमति माग गर्दा विभिन्न १३ प्रकारका कागजातहरु पेश गर्नु पर्ने लगायतका व्यवस्था गरेको Times Higher Education र Shanghai Jiaotong Ranking को बरियतामा १,००० भित्र पर्नु पर्ने, एउटै विश्वविद्यालयको सम्बन्धनमा एक प्रदेशमा तीन वटा भन्दा बढी संस्थालाई अनुमति नदिने, एउटा जिल्लामा दुई भन्दा बढी संस्थाको आवेदन दर्ता नगरिने र MOU मा विभिन्न बिषयहरु खुलेको हुनु पर्ने व्यवस्था गरेको देखिन्छ। साथै निर्दशिकाले सिफारिस, अनुमति, अनुगमन, शुल्क, नविकरण लगायतका शिक्षण कार्यक्रमका सम्बन्धमा पनि विविध प्राबधानहरू राखी शिक्षण संस्था र त्यस्ता शिक्षण संस्थाहरूबाट प्रदान गरिने शैक्षिक कार्यक्रमहरूलाई व्यवस्थित र नियमन गर्न समेत उल्लेख गरेको देखिन्छ ।

यद्यपि विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने शिक्षण संस्थाहरूको संचालन सम्बन्धि विभिन्न समस्याहरू रहेको पाइयो। वर्तमान निर्देशिका कुन ऐनको आधारमा बनेको हो भन्ने स्पष्ट व्यवस्था नहुनु प्रमुख समस्याको रूपमा रहेको छ। यसै गरी विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूलाई राष्ट्रिय आवश्यकता र विद्यार्थीको विश्वस्तरीय शिक्षा प्राप्तिको सहुलियतपूर्ण चाहनाको वैधानिक र विश्वसनीय व्यवस्थापन गर्न समेत नियमन गर्न सकिएको देखिदैन । समग्र रूपमा विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने समस्याहरू देहाय बमोजिम रहेका छन्।

क) विदेशी विश्वविद्यालय वा उच्च शिक्षण संस्थाको सम्बन्धनमा खुलेका शिक्षण संस्थाहरूको अनुमति र नियमनका लागि विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ जारी उक्त निर्देशिकाको भरमा मात्र विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन व्यवस्थित गर्न खोजेको र यस विषय सम्मानित सर्वोच्च अदालतबाट समेत औंल्याएको देखिन्छ।

ख) विदेशी शिक्षण संस्थाको सम्वन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्वन्धी निर्देशिका २०५९ कुन ऐन अन्तर्गत तर्जुमा गरी कार्यान्वयन गरिएको भन्ने स्पष्ट छैन। विश्वविद्यालय स्थापना गर्ने विषयमा नेपाल सरकारलाई परामर्श दिने निकाय विश्वविद्यालय अनुदान आयोग र यसको ऐनमा पनि यस विषयमा केही उल्लेख भएको देखिदैन। विधायीकी कानून र प्रत्यायन कानूनको स्रोत

विना निर्देशिका बनेको जस्तो देखिएकोले यस प्रकारका संस्थाको बैधानिक र विश्वसनीय व्यवस्थापन हुन सकेको छैन भन्ने आलोचना रहदै आएको छ।

ग) निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्वन्धमा बनेको आधारभूत नीति २०६३ मा पनि यस विषयमा प्रष्ट रूपमा उल्लेख भएको देखिदैन।

घ) निर्देशिकामा प्रत्येक वर्ष संस्थाले नविकरण गराउनु पर्ने व्यवस्था छ ।एक वर्ष भन्दा वढीका र ४ वर्षे सम्मका कोर्ष चलाउन संस्थालाई अनुमति दिने अनि प्रत्येक वर्ष संस्था नविकरण गर भन्ने व्यवस्था नै एकातिर व्यवहारिक देखिन्न भने तोकिएको समयमा नविकरण नभैकन चलेका संस्थाहरूको विषयमा अनुगमन गर्ने, निर्देशिका अनुसार मापदण्ड पूरा नगर्नेलाई खारेज गर्ने र सार्वजनिकरण गर्ने गरिएको छैन।

ङ) राष्ट्रिय शिक्षा नीति २०७६ को नीति १०.२३ मा उल्लेख छः शैक्षिक गुणस्तर कायम गर्न सक्ने अवस्थामा मात्र विदेशी विश्वविद्यालय वा सम्वद्ध शैक्षिक संस्थाहरूलाई नेपालमा कार्यक्रम चलाउने स्वीकृति दिने र नेपालका विश्व विद्यालयहरूमा सञ्चालन नभएका, नयाँ प्रविधि सम्बद्ध विषयका कार्यक्रमहरू विदेशी विश्वविद्यालयसँग सम्वन्धनमा नेपालमा सञ्चालन गरी नेपाललाई विश्वस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्र (Education Hub) बनाउने ( यस सम्वन्धी थप विस्तृतिकरण नीतिगत बुँदा १०.२३.१ देखि १०.२३.७) उल्लेख छ । यद्यपि उक्त नितीले परिकल्पना गरे अनुसार शैक्षिक कार्यक्रमको गुणस्तर तथा सेवा प्रवाहमा समय समयमा प्रश्न उठ्ने गरेका छन् ।

च) शिक्षाको सोचपत्र २०७९ ले यस विषयमा दुई ओटा नीतिगत समस्या तथा चुनौति उल्लेख गरेको छ। विदेशी संस्थाको सम्वन्धनमा सञ्चालित शैक्षिक संस्था वढ्दो अवस्थामा सन्तुलनमा ल्याउनु र विदेशी बोर्डहरूको सम्वन्धनमा सञ्चालित उच्च शैक्षिक संस्थाहरूको नियमन गर्नु। यसै सोचपत्रमा सुधारका लागि गरिने कार्यमा भनिएको छ। मुलुकमा सञ्चालन नभएका विधामा मात्र विदेशी सम्वन्धन प्राप्त कार्यक्रम सञ्चालन गर्ने गरी विश्वविद्यालयसँग सहकार्य गर्ने व्यवस्था गर्ने र विश्वविद्यालय अनुदान आयोगले नियमित अनुगमन गर्ने उल्लेख भएको भएपनि नियमित अनुगमन तथा मुल्यांकन प्रणाली संस्थागत हुन सकेको देखिदैन।

छ) यसै निर्देशिकाका आधारमा विद्यालय शिक्षा सरह मानिएको ए लेभल र सो सरहका कार्यक्रम सञ्चालन गर्न पनि अनुमति दिइएको छ र ए लेभलको शिक्षा प्रदान गर्ने संस्था मध्ये धेरैमा ए लेभलका साथै सो भन्दा माथिका शैक्षिक कार्यक्रमहरू पनि सञ्चालनमा रहेका छन्। ए लेभलका कोर्षहरू क्याम्ब्रिज विश्व विद्यालयका हुने तर नेपालमा कक्षा १२ वरावरको समकक्षता हुने

हुनाले यसमा कुन तहको शैक्षिक कार्यक्रम मानेर व्यवस्थापन गर्ने भन्ने सम्वन्धमा पनि मन्त्रालयले उपयुक्त व्यवस्थापन गर्न सकेको देखिदैन।

ज) यो विषयसंग प्रत्यक्ष र परोक्ष रूपमा जोडिएका शैक्षिक परामर्श केन्द्रहरूको अनुमति, नविकरण र नियमन पनि व्यवस्थित हुन नसकेको अवस्था छ।

झ) विदेशी सम्वन्धनमा खुलेका कलेजमा कुन वर्षमा कुन विषयमा कति विद्यार्थि अध्ययन गरिरहेका छन् भन्ने तथ्य तथ्याङ्क नै उपलब्ध हुने नगरेको। विश्वविद्यालय अनुदान आयोगको सूचना प्रणालीमा यो तथ्याङ्क प्रविष्टि हुँदैन भने मन्त्रालयले पनि यसको खण्डिकृत रूपमा अभिलेख गर्ने गरेको देखिदैन। मन्त्रालयको उच्च शिक्षा शाखा वा तथ्याङ्क नीति तथा अनुसन्धान शाखाले यो विवरण नियमिति रूपमा सार्वजनिक गर्ने गरेको पनि पाईदैन।

ञ) मन्त्रीको अध्यक्षततामा सिफारिस तथा अनुगमन समिति रहने र सोहि समितिले सिफारिस गरेकोलाई मन्त्रालयले निर्णय गर्ने गरी व्यवस्था भएको देखिदा तटस्थता र निस्पक्षताको हिसावले उक्त व्यवस्था उपयुक्त देखिदैन।

ट) संस्थागत (कलेजगत) समकक्षता र विद्यार्थीगत रुपमा त्रिभुवन विश्वविद्यालयबाट समेत समकक्षता गराउनु पर्दा झन्झटिलो र लामो समय लाग्ने गरेको तथा दोहोरो शुल्कको भार पर्ने गरेको देखिन्छ। यसका साथै संस्थागत रूपमा हरेक दुइ वर्षमा समकक्षता लिन पर्ने व्यवस्था अव्यवहारिक देखिएको।

ठ) अनुमतिको लागि आवेदन गर्दा बुझाउनु पर्ने शुल्क अत्याधिक रहेको भनी सरोकारवालाहरूबाट बारम्बार गुनासो आउने गरेको। साथै अनुमतिको लागि निवेदन परेको निश्चित अवधि भित्र सिफारिस गर्नु पर्ने र अनुमति प्रदान गर्नु पर्ने वा नपर्ने निर्णय पनि समयमा नहुदा लामो समयसम्म अन्यौलको अवस्था रहने गरेको। यसैगरी नाम तथा स्थान परिवर्तन र कार्यक्रम थप गर्ने निवेदनहरू पनि समयमा नै निर्णय हुने नगरेको देखिदा पारदर्शिता तथा जवाफदेहिताको अभाव रहेको।

ड) सम्बन्धन परिवर्तन सम्बन्धि अस्पष्ट व्यवस्था रहेको। कस्ता किसिमका कार्यक्रमहरूलाई स्वीकृति प्रदान गर्ने पनि उल्लेख छैन। नेपाल कै विश्वविद्यालयहरूले संचालन गरेका जस्तै कार्यक्रमहरूको स्वीकृतिको सम्बन्धमा पनि स्पष्ट हुनुपर्ने देखिएको। एवं नेपालका विश्वविद्यालय भन्दा तल्लो श्रेणीका विश्वविद्यालयका कार्यक्रमहरु सञ्चालन गर्ने वा नगर्ने सम्बन्धमा थप स्पष्ट हुनुपर्ने देखिएको।

ढ) शिक्षण संस्थामा आवश्यक पर्ने जनशक्ति के कस्तो खालको हुनु पर्ने हो तोकिएको पाइदैन। यसैगरी उपयुक्त किसिमले परीक्षाको नियमन तथा अनुगमन नभएको र शिक्षण संस्थाहरूले आ-आफ्नै ढङ्गले परीक्षा केन्द्र तोक्ने र संचालन गर्ने गरेको,

ण) सिफारिस, मूल्यांकन तथा अनुगमन समिती सम्बन्धमा गरिएको व्यवस्था प्रभावकारी नहुदा शिक्षाको गुणस्तरमा प्रभाव पार्न सक्ने देखिएको । साथै कलेजको सञ्चालनमा स्वेच्छचारिता बढ्ने जोखिम र विदेशी मुद्रा समेतको अपचलन हुने थप जोखिम रहेको ।

## ४. अध्ययनको उद्देश्य तथा कार्यक्षेत्र

यस विज्ञ समितिको गठन विदेशी शिक्षण संस्थाको सम्वन्धनमा उच्च शिक्षा संचालन गर्ने सम्बन्धी निर्देशिका २०५९ कार्यान्वयनमा रहेकोमा सो निर्देशिकाका सम्बन्धमा आवश्यक समसामयिक कानूनी प्रबन्ध गरी विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपालमा संचालित शैक्षिक कार्यक्रमहरूको नियमन, व्यवस्थापन र अनुगमन सहितका कार्यलाइ थप प्रभावकारी र व्यवस्थित गर्न भएकोले स्नातक तह र सो भन्दा माथिको तहलाई मात्र यो समितिले समाबेश गरेको छ। यस समितीको उद्देश्यहरु निम्नानुसार रहेका छन्।

क) "विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका २०५९" र सो मा समय समयमा भएका संशोधन (अनुसूची समेत) का व्यवस्थाहरुको अध्ययन गर्ने,

ख) विदेशी सम्बन्धनमा नेपालमा सञ्चालित शिक्षण संस्था सम्बन्धी मौजुदा कानूनी प्रबन्ध अध्ययन गरी भविष्यमा अपनाउनु पर्ने नीतिगत ,कानूनी तथा संरचनाको व्यवस्थाका सम्बन्धमा अध्ययन गर्ने,

ग) समितीले राय सहितको प्रतिवेदन माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यू समक्ष पेश गर्ने,

## ५. विज्ञ समितीको गठन

विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका २०५९ र सो मा समय समयमा भएका संशोधन (अनुसूची समेत) का व्यवस्थाहरुको पृष्ठभूमिमा निर्देशिकालाई आवश्यक समसामयिक कानूनी प्रबन्ध गरी विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपालमा संचालित शैक्षिक कार्यक्रमहरूको नियमन, व्यस्थापन र अनुगमन सहितका कार्यलाइ थप प्रभावकारी र व्यवस्थित गर्न अध्ययन गरी प्रतिवेदन पेश गर्न नेपाल सरकार (माननीय मन्त्रीज्यू स्तर) को मिती २०८१।०१।१४ को निर्णयानुसार देहाय वमोजिमको विज्ञ समिति गठन गरीएको।

(क) संयोजक श्री शंकरप्रसाद कोइराला, पूर्व सचिव, नेपाल सरकार

(ख) सदस्य प्रा.डा. राजेश कुमार राई, त्रिभुवन विश्वविद्यालय

(ग) सदस्य-सचिव श्री परशुराम तिवारी,उपसचिव,शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

## ६. अध्ययन विधी

समितिले अध्ययनका लागि निम्न विधीहरु अवलम्बन गरेको थियो।

क) सम्बन्धित दस्तावेजहरुको अध्ययन:

यो प्रतिवेदन तयार पार्ने क्रममा विभिन्न समयमा भएका बैठकहरूको निर्णय पुस्तिका, यस सम्बन्धमा गठन भएका विभिन्न कार्यदल र समितिका प्रतिवेदनहरू, निर्देशिका र संशोधित बुदाहरू, यस सम्वन्धमा भएका सर्बोच्च अदालतका फैसलाहरू र सम्बन्धित शिक्षण संस्थाहरूले अनुमति लिने क्रममा पेश गरेका सम्बन्धित दस्तावेजहरूको अध्ययन गरिएको।

ख) सरोकारवालासँगको छलफल:

यो प्रतिवेदन तयार पार्ने क्रममा विभिन्न सरोकारवाला संघ संस्था र व्यक्तिहरूसँग छलफल गरियो। यसै क्रममा विदेशी विश्वविद्यालयहरूको सम्वन्धन र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्वीकृत लिई नेपालमा संचालित शिक्षण संस्थाहरूको संगठन इन्टरनेशनल एजुकेशन प्रोभाइडर्स एसोशिएशन अफ नेपाल (आइप्यान) का प्रतिनिधिहरूसग मिति २०८० वैशाख २८ गते छलफल गरिएको।

## ७. समितिको सिफारिस

विदेशी विश्वविद्यालयको सम्वन्धनमा उच्चशिक्षा प्रदायक संस्था खोल्ने विषयलाई विधायिकी कानूनको दायरा अन्तर्गत नै ल्याउनु जरूरी छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रस्ताव गरेको वा गर्ने एकीकृत उच्च शिक्षा ऐन वा छाता ऐनमा यसलाई राख्न सकिन्छ। कानूनी प्रवन्ध गर्दा मन्त्रालयले शिक्षण संस्थाहरूले पूरा गर्नुपर्ने न्यूनतम मापदण्ड निर्धारण गर्ने र सो मापदण्ड पूरा वा कायम गर्न नसकेका शिक्षण संस्था बन्द गर्न सकिने गरी कानूनी प्रबन्ध गरिनु पर्दछ। विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी विषय ऐनमा व्यवस्था हुन केही समय लाग्ने भएकोले तत्कालका लागि प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ अनुसार नियमावली बनाई कानूनको दायरा अन्तर्गत ल्याउनु उपयुक्त हुने । यसरी नियमावली बनाउन समेत केहि समय लाग्ने भएकाले अन्तरिम व्यवस्थाको लागि विदेशी शिक्षण संस्थाको सम्बन्धमा उच्च शिक्षा संचालन गर्ने सम्बन्धि

निर्देशिका २०५९ लाइ परिमार्जन गरी प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ अनुसार निर्देशिका जारी गरिनु उपयुक्त हुने। यसरी निर्देशिका जारी गर्दा मौजुदा निर्देशिकामा देहायका बुंदाहरू थप तथा परिमार्जन गर्न सिफारिस गरिएको छ।

क) वर्तमान निर्देशिकामा ब्यवस्था गरिएको माननीय मन्त्रीज्यूको अध्यक्षतामा गठन गरिएको सिफारिस समितिलाई खारेज गर्ने र सो को सट्टा विश्वविद्यालयको प्राध्यापकको संयोजकत्वमा सम्वन्धित विषय विज्ञ समेत रहने गरी छुट्टै सिफारिस समिति गठन गर्ने र सो समितिको सिफारिसको आधारमा शिक्षा मन्त्रालयले अनुमति दिने ब्यवस्था गर्ने। उक्त सिफारिस समितिको गठन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्ने गरी देहाय बमोजिमको हुने ब्यवस्था गर्ने ।

| | |
|---|---|
| १. बिश्वबिद्यालयको प्राध्यापक | संयोजक |
| २. बिषय बिज्ञ | सदस्य |
| ३. मन्त्रालयको उच्च शिक्षा महाशाखाको सहसचिब | सदस्य-सचिब |

माथि उल्लेखित पदाधिकारीहरू मध्ये प्रकरण १ (संयोजक) को पदावधि २ (दुई) वर्षको हुनेछ। यसैगरी प्रकरण २ मा उल्लेखित विषय विज्ञ (सदस्य) को सेवा आवश्यकता अनुसार सिफारिस अवधि भर मात्र हुनेछ । संयोजकको योग्यता विद्यावारिधि उपाधि हासिल गरी बिश्वबिद्यालयको प्राध्यापक (विशिष्ट श्रेणी) भै कम्तिमा ३ वर्ष प्राध्यापन गरेको अनुभव भएको हुनुपर्नेछ। विषय विज्ञको योग्यता सम्बन्धित बिषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरी १० बर्ष प्राध्यापन गरेको अनुभव भएको हुनुपर्नेछ । यस समितीको सचिवालय मन्त्रालयमा रहनेछ ।

ख) अनुमति, नाम तथा स्थान परिवर्तन र कार्यक्रम थपको लागि निवेदन दिएको ६० (साठी) दिन भित्रमा सिफारिस समितीले अनिवार्य रूपमा प्रस्ताव अध्ययन तथा भौतिक एवम् शैक्षिक पूर्वाधारको स्थलगत निरीक्षण समेत गरी आफ्नो राय साथ मन्त्रालयमा प्रतिवेदन गर्ने र मन्त्रालयले अनुमति, नाम तथा स्थान परिवर्तन र कार्यक्रम थप दिने वा नदिने निर्णय ३० (तीस) दिन भित्र गरी सम्बन्धित निवेदकलाई जानकारी दिने ।

ग) प्रस्तावित शिक्षण संस्थामा अध्ययन अध्यापन हुने शैक्षिक कार्यक्रमको तह, अवधि, पाठ्यक्रम, क्रेडिट, शिक्षण विधि तथा प्रक्रिया, सिट निर्धारण, शुल्क, मूल्याङ्कन प्रणाली, उपाधि र मान्यताका सम्बन्धमा विश्वविद्यालयको आधिकारिक पदाधिकारीको हस्ताक्षर सहितको मन्त्रालयलाई

सम्बोधन गरेको पत्र सर्वसाधारणको पहुचको लागि सम्बन्धन दिने विश्वविद्यालयको आधिकारिक वेवसाइटमा राख्ने।

घ) अनुमति माग्दा वा अनुमति प्रदान गर्दा कुन तहको कुन कार्यक्रमको लागि कति संख्यामा विद्यार्थी भर्ना गर्न चाहेको हो अनिवार्य रूपमा खुलाउनु पर्ने । अनुमति प्राप्त संस्थाले विद्यार्थी संख्या र वार्षिक शुल्कको अनुपातमा सरकारी धरौटी खातामा मन्त्रालयबाट तोकिए बमोजिमको धरौटी रकम जम्मा गर्नुपर्ने। साथै हाल संचालनमा रहेका शिक्षण संस्थाहरूले पनि ६ महिना भित्र माथि उल्लेख भए अनुसारको धरौटी रकम जम्मा गर्नुपर्ने छ।

ङ) कार्यक्रमको अवधि (शैक्षिक चक्र) अनुसार नवीकरणको अवधि तोकिनुपर्ने। उदाहरणको लागि २ वर्षे कार्यक्रमको नविकरण अवधि २ वर्ष र ४ वर्षे कार्यक्रमको नविकरण अवधि ४ वर्षको हुनेछ ।तर नविकरण गर्नु अगाडि सिफारिस समितीको सिफारिस अनिवार्य समावेश हुनुपर्नेछ ।

च) अनुमति प्राप्तिका लागि प्रचलित कानून बमोजिम नेपालमा संस्था दर्ता भै करको दायरामा आएको हुनुपर्ने। यसरी दर्ता भएको एक शिक्षण संस्थाले विदेशी एक विश्वविद्यालयवाट मात्र सम्वन्धन लिन पाउने । एउटा विश्वविद्यालयको सम्बन्धन एक कार्यक्रमको लागि एक भन्दा बढी शैक्षिक संस्थालाई हुन नहुने।एक भन्दा बढी विश्वविद्यालयबाट सम्बन्धन लिएका शैक्षिक संस्थाहरूको हकमा विश्वविद्यालय रोज्ने मौका दिने र शिक्षण संस्थाले रोजेका बाहेक अन्य विश्वविद्यालयका कार्यक्रमहरूमा नया भर्ना नलिने।

छ) एउटा शैक्षिक संस्थाले अधिकतम् चारवटा कार्यक्रम सञ्चालन गर्न पाउने। चारवटा भन्दा बढी कार्यक्रमहरू संचालन गरिरहेकाहरूको हकमा चारवटा कार्यक्रमहरू रोज्ने मौका दिने र शिक्षण संस्थाले रोजेका बाहेक अन्य कार्यक्रमहरूमा नया भर्ना नलिने। चारवटा कार्यक्रम संचालन नगरेका शिक्षण संस्थाहरूले थप कार्यक्रम माग गर्न चाहेमा स्वीकृत कार्यक्रमको कम्तिका एक शैक्षिक चक्र पुरा गरेको हुनु पर्नेछ।एक पटकमा बढीमा एक वटा कार्यक्रम भन्दा बढीको लागि मन्त्रालयले स्वीकृति प्रदान गर्न नहुने। तर, सम्बन्धित विश्वविद्यालयले नेपाली शिक्षण संस्था समेतको सहलगानीमा शैक्षिक कार्यक्रमहरू संचालनको लागि अनुमति मागेमा थप कार्यक्रमहरू संचालन गर्नमा बाधा पर्ने छैन। यस्ता उच्च शिक्षाका संस्थाहरूमा कम्तिमा ५१ प्रतिशत रकम स्वदेशी लगानीकर्ताको हुनुपर्ने।

ज) ए लेभल (A-level) का कार्यक्रमको समकक्षता विद्यालय शिक्षा सरह मात्र हुने भएकोले हाल विदेशी शिक्षणसंस्थाको सम्वन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्वन्धी निर्देशिका २०५९ का

आधारमा सञ्चालन भै रहेका ए लेभल र आइविडिपी (IBDP) लगायतका कार्यक्रमहरूलाई शिक्षा ऐन २०२८ को कानूनी प्रवन्ध र विद्यालय शिक्षाको प्रशासनिक दायरामा ल्याउनु पर्दछ। एउटै संस्थाभित्र ए लेभल वा सो सरहको र त्यसमाथिका उच्च शिक्षा, साथै डिप्लोमा र उच्च शिक्षा प्रदान गर्ने कार्यक्रमलाई क्रमशः निश्चित समय दिएर फेजआउट (Phase out) गर्दै वन्द गर्नु पर्दछ।

झ) विश्वविद्यालयको वरियता निर्धारण गर्ने अन्तराष्ट्रिय संस्थाहरूको १,००० वरियताभित्र विश्वका उत्कृष्ट विश्वविद्यालयका शैक्षिक कार्यक्रमलाई मात्र नेपालमा सञ्चालन अनुमति दिने व्यवस्था गरिनु पर्दछ। राष्ट्रिय योजना आयोगले २०७९ पुषमा तयार पारेको उच्च शिक्षा सम्वन्धी एक प्रतिवेदनमा पनि उल्लेख भएको। नेपालका विश्वविद्यालयले संचालित कार्यक्रमहरू जस्तै कार्यक्रम भएमा निवेदन दिदाको समयमा Times Higher Education (www.timeshighereducation.co.uk) र Shanghai Jiaotong Ranking (www.shanghairanking.com) को उत्कृष्ट ५०० (पाच सय) भित्र रहेका विश्वविद्यालयहरू र नया कार्यक्रमहरू भए उत्कृष्ट १,००० (हजार) भित्र रहेका विश्वविद्यालयहरूका मात्र कार्यक्रम संचालन गर्न दिने। ती विश्वविद्यालयहरू सम्बन्धित देशको सरकारको लगानी भएको मुनाफा रहित विश्वविद्यालय हुनुपर्ने ।

ञ) एउटै भवन परिसरमा फरक फरक संस्थाका नाममा एक वा एक भन्दा बढीका विश्वविद्यालयका कार्यक्रम सञ्चालन गर्न नदिने।

ट) अनुमति पाई सञ्चालनमा रहेका शिक्षण संस्थाले प्रत्येक पटकको भर्ना समयमा नेपाल सरकारले तोकिदिएको सिट वा प्रचलित कानूनले व्यवस्था गरेको प्रतिशत सम्मको छात्रवृत्तिमा भर्ना गर्नको लागि भर्नाको समयमा नै अलग्गै सूचना तथा वेग्लै प्रतिस्पर्धा गराउनु पर्ने । यसका लागि शिक्षण संस्थाको व्यवस्थापन समितिले निर्णय गरी कुन समूहका विद्यार्थीले पाएका हुन सोको नामावली मन्त्रालयमा पठाउने। यसरी नामावली पठाउदा विद्यार्थीको नाम, ठेगाना, अभिभावकको नाम र सम्पर्क नम्बर पठाउनु पर्ने ।

ठ) सिफारिस वापत शुल्क तिर्नुपर्ने हो वा विदेशी मुद्रामा रजिष्ट्रेशन दस्तुर वा परीक्षा शुल्क वा प्रमाणपत्र शुल्क जम्मा गर्नुपर्ने हो वा होइन प्रस्तावनामा नै खुलाउनु पर्ने र विदेशी मुद्रामा शुल्क बुझाउनु पर्ने वा सटही सुविधा चाहिने हो भने अनुमति लिनु पूर्व अर्थ मन्त्रालयको सहमति पत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने।

ड) अनुमतिको लागि आवेदन गर्दा प्रत्येक कार्यक्रमको लागि पाच लाख रूपैया राजश्व दाखिला गर्नु पर्ने र अनुमति प्रदान भै सकेपछि प्रत्येक कार्यक्रमका लागि थप एक लाख रूपैया राजश्व दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा अनुमतिको लागि आवेदन गर्दा प्रत्येक कार्यक्रमको लागि एक लाख रूपैया राजश्व दाखिला गर्नु पर्ने र अनुमति प्रदान भै सकेपछि प्रत्येक कार्यक्रमका लागि थप पाच लाख रूपैया राजश्व दाखिला गर्नु पर्ने व्यवस्था गर्नुपर्ने ।

ढ) शिक्षण संस्थाले अपनाउने भर्ना प्रक्रिया तथा सोको मापदण्ड, वार्षिक क्यालेण्डर, छात्रबृत्ति लगायत मन्त्रालयबाट तोकिएको विवरण शैक्षिक सत्रको भर्ना सूरु हुनु पूर्व मन्त्रालयमा अनिवार्य रूपमा बुझाउनु पर्ने। उच्च शिक्षाको शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा अनिवार्य रूपमा आवद्ध गर्नुपर्ने र एकीकृत केन्द्रीय डाटावेश तयार पार्नु पर्ने। सम्बन्धित विश्वविद्यालयबाट त्यहाका विद्यार्थीहरूलाइ प्रदान गर्ने सुविधाहरू जस्तै जर्नलहरूको पहुच हुनुपर्ने र सम्बन्धित विश्वविद्यालयकै इमेलमा व्यक्तिगत इमेल हुनुपर्ने ।

ण) अनलाइन तथा दुरशिक्षाबाट सञ्चालन हुने गरी कुनै पनि कार्यक्रमलाई स्वीकृति प्रदान नगर्ने।

त) शिक्षण संस्थाले प्रिन्सीपल पूर्णकालिन हो भनेर कम्पनीको बोर्डको निर्णय सहितको कागजात पेश गर्नु पर्ने। यसैगरी शिक्षकहरूको विवरण पेश गर्नु पर्ने। शिक्षकहरूको फेरबदल भएमा शैक्षिक सत्र शुरू हुनु अगावै सम्बन्धित निकायमा जानकारी दिनु पर्नेछ । हरेक सेमेस्टरमा सम्वन्धित विश्वविद्यालयबाट कम्तिमा एक क्रेडिटको लागि भए पनि शिक्षकको उपलब्धता गराउनु पर्ने।

थ) गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) नेपालको सम्बन्धित निकायबाट नया शिक्षण संस्थाहरूले अनुमति लिएको र विद्यमान शिक्षण संस्थाहरूले नया बन्ने निर्देशिका लागु भएको दुई वर्ष भित्र प्राप्त गर्नु पर्ने ।

द) सञ्चालनमा रहेका शिक्षण संस्थाहरूको नियमित अनुगमनका लागि विज्ञहरूको रोष्टर मन्त्रालयले स्वीकृत गर्ने र अनुगमनका क्रममा कार्यक्रमसँग सम्बन्धित विज्ञ समेत अनिवार्य रूपमा सामेल गर्ने। मन्त्रालयले नियमन गर्ने अधिकार प्रत्यायोजन गर्न सक्ने।

ध) त्रिभुवन विश्वविद्यालयमा कार्यक्रमले सम्बन्धन लिए पछि सो कार्यक्रमका विद्यार्थीहरूले व्यक्तिगत रूपमा सम्बन्धन लिइ रहन नपर्ने । तर सो सम्वन्धन एक शैक्षिक चक्रको लागि हुनेछ ।हरेक शैक्षिक चक्र पछि सम्बन्धन नविकरण गर्नु पर्ने ।

न) कुनै कारणले शिक्षण संस्था बन्द भएमा अध्ययनरत विद्यार्थीहरूको अध्ययन पूरा गराउने दायित्व सम्बन्धित शिक्षण संस्था र सो संस्थाका सञ्चालकहरूको हुने।

## ८. निर्देशिका कार्यान्वयन व्यवस्था

नयाँ निर्देशिकाको कार्यान्वयन पारदर्शी र जवाफदेहीपूर्ण रूपमा गर्न मन्त्रालयले आवश्यक व्यवस्था गर्ने । साथै निर्देशिका कार्यान्वयन गर्नको लागि आवश्यक स्रोत साधन र जनशक्तिको व्यवस्था र क्षमता विकाश गर्न मन्त्रालयले विशेष ध्यान दिनुपर्ने। अनुगमन प्रणालीलाई थप व्यवस्थित गरी शिक्षण संस्थाहरूको संचालन र व्यवस्थापनलाई विद्यार्थीमैत्री बनाउन समेत मन्त्रालय तथा सरोकारवाला निकायहरूलाई जवाफदेही बनाउने।

## ९. निश्कर्ष

नेपालमा विदेशी विश्वविद्यालयहरूको सम्बन्धन प्राप्त गरी विभिन्न शिक्षण संस्थाहरूले शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको दुई दशक भन्दा बढी भएको देखिन्छ ।यसरी लामो समयसम्म पनि यस्ता शिक्षण संस्थाबाट सञ्चालन गरिने शैक्षिक कार्यक्रमको गुणस्तर तथा शिक्षण संस्थाहरूको व्यवस्थापन एवं नियमन कार्य मन्त्राललयको पटके निर्णयबाट हुँदै आएकोमा नेपाल सरकार मन्त्रीपरिषदबाट मिति २०५९।११।२६ मा विदेशी शिक्षण संस्थाको सम्बन्धमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ जारी भई उक्त निर्देशिकाको प्रथम संशोधन मिति २०७२/०४/३२ मा र दोस्रो संशोधन मिति २०७४/०५/०८ मा भई हालसम्म कार्यान्वयनमा आएको देखिन्छ। यसरी निर्देशिका कार्यान्वयनमा आए पनि सिफारिस, अनुमति, कार्यक्रमको गुणस्तर एवं अनुगमन कार्य व्यवस्थित गर्न विभिन्न समस्याहरू रहेको देखिन्छ। साथै माथि उल्लेखित क्षेत्रमा देखिएका विषयहरूलाई संशोधन गरी शिक्षण संस्थाहरूको कार्यक्रमलाई थप व्यवस्थित, पारदर्शी तथा उत्तरदायीपूर्ण रूपमा सञ्चालन गर्न यस प्रतिवेदनमा उल्लिखित सिफारिसहरूलाई समावेश गरी तत्कालका लागि प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ अनुसार निर्देशिका जारी गर्न उपयुक्त देखिन्छ। दीर्घकालीन रुपमा विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी सञ्चालन गर्ने शिक्षण संस्थाहरूलाई कानुनी दायरामा ल्याउन आवश्यक देखिन्छ। अन्त्यमा, नयाँ निर्देशिका जारी गरिएपछि उक्त निर्देशिका अनुसार शिक्षण संस्थाहरूको कार्यक्रमहरू कार्यान्वयन गर्न गराउन सरोकारवाला निकाय तथा मन्त्रालयबीच आवश्यक सहकार्य र समन्वय हुनुपर्ने देखिन्छ।

## सन्दर्भ सामाग्रीहरू


१. विदेशी  शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९

२. विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धमा प्रतिवेदन पेश गर्न गठित कार्यदलको प्रतिवेदन, २०७५

३. विदेशी शिक्षण संस्थाको सम्बन्धनमा सञ्चालित विभिन्न कलेजहरुको छानविन प्रतिवेदन, २०७७

४. उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७५

५. सम्मानित सर्वोच्च अदालत, संयुक्त ईजालास फैसला (०७७-WO-१०५१)

६. सम्मानित सर्वोच्च अदालत, संयुक्त ईजालास फैसला (०७७-WO-११७२)

७. सम्मानित सर्वोच्च अदालत, संयुक्त ईजालास फैसला (०७६-WO-०८०५)

८. सम्मानित उच्च अदालत, पाटन, संयुक्त ईजालास फैसला (०७९-WO-०८५६)

९. The Gazette of India (2023), University Grant Commission Notification, F. No. 1-1/2023 (IC-FHEI), New Delhi

अनुसूचिहरू

अनुसूचि १ : विभिन्न मन्त्री तथा सचिव स्तरीय निर्णहरूको सार

१. मिति २०५६/०६/०५ मा माननीय मन्त्रीज्यूको अध्यक्षतामा वैठक वसी उक्त बैठकबाट विद्यालय तह, उच्च माध्यमिक तह, उच्च शिक्षाका तहहरुको पठन-पाठन गर्ने गराउने हिसाबले विदेशी शिक्षण संस्थाहरुबाट सम्बन्धन प्राप्त गरी नेपालभित्र खुलेका शिक्षण संस्थाहरुलाई नियमको निश्चित परिधिभित्र राखिनु पर्छ ।ओ लेभल र ए लेभल, आई बी र उच्च तहका अन्तर्राष्ट्रिय स्तरका शिक्षण संस्थाहरुलाई नियम परिधिभित्र रही खोल्न दिनु पर्दछ ।शिक्षाको क्षेत्रमा शिक्षा मन्त्रालय सर्वोपरी भएकोले शिक्षा मन्त्रालयलाई जानकारी नगराई स्वदेशी वा विदेशि शैक्षिक सिस्थाहरु खोल्न पाउनु हुँदैन ।विदेशी बोर्डको पठन-पाठन गर्न दिंदा नियमानुसार सर्त पूरा गरेर आउनेहरुका लागि मात्र अनुमति दिनुपर्दछ ।विदेशी शैक्षिक संस्थाहरुले नेपालका विश्वविद्यालयसँग सम्झौता एवं अनुमति लिएर केही कक्षा यहाँ र केही कक्षा विदेशमा अध्ययन गरी Credit Transfer गर्न सकिने गरी पठन-पाठन गर्न गराउन दिंदा वेशै होला । Accredited Course को पढाई गर्ने भएमा हामी Flexible हुनु वेश होला । विदेशी शैक्षिक संस्थाहरुबाट सञ्चालित र सञ्चालनको लागि आवेदन गर्नेहरुको एकिन लागत राख्ने ।

२. मिति २०५७/४/९ मा माननीय मन्त्रीज्यूको अध्यक्षता वैठक वसी वैदेशिक लगानी र व्यवस्थापनमा सञ्चालित शिक्षण संस्थाहरुको वर्तमान स्थितिको समीक्षा गरी नीतिगत पक्षमा सुधारका लागि सुझाव सहितको अवधारणा पत्र तयार गर्न एक समिति गठन गर्ने निर्णय भएको।

३. मिति २०५७/५/२० मा माननीय मन्त्रीज्यूको अध्यक्षता वैठक वसी विदेशी संस्थाहरुबाट सम्बन्धन वा समन्वय राखी हाल पढाई भईरहेका संस्थाहरुलाई व्यवस्थित गर्ने तर्फ कार्यवाही अगाडी बढी रहेको हुँदा शैक्षिक Profile सहित यस्ता संस्थाहरुले सञ्चालन गरिरहेका बिषयहरु सहित विवरण माग गर्ने निर्णय भएको।

४. मिति २०५७/०८/१६ को वैठकमा वैदेशिक लगानी र व्यवस्थापनमा सञ्चालित शिक्षण संस्थाहरुको वर्तमान स्थितिको समीक्षा गरी नीतिगत पक्षमा सुधारका लागि सुझाव सहितको अवधारणापत्र तयार गर्न मिति २०५७/०४/०९ मा गठित समितिले गरेका निर्णयहरु ।यस

प्रकारका शिक्षण संस्थाहरुलाई ५ समूहमा वर्गीकरण गर्नेः उच्च शिक्षा, उच्च माध्यमिक शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा (डिप्लोमा तह) र तालिम । सम्बन्धन दिने संस्था र संलग्न नेपाली पक्षले सबै विवरण खोली संयुक्त रुपमा वा विदेशी पक्षको मञ्जुरी सहित नेपाली पक्षबाट स्वीकृतिका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा निवेदन दिन लगाउने व्यवस्था गर्ने । यसरी प्राप्त निवेदनहरुमा उच्च शिक्षा तहका लागि विश्वविद्यालय अनुदान आयोगमा, उच्च माध्यमिक शिक्षाका लागि उच्च माध्यमिक शिक्षा परिषदमा, माध्यमिक तहका लागि एस.एल.सी. बोर्डमा तथा प्राविधिक शिक्षा (डिप्लोमा तह) र तालिमसँग सम्बन्धित भएमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसँग राय लिने व्यवस्था मिलाउने । यसरी प्राप्त रायको आधारमा उद्योग मन्त्रालयमा कम्पनी ऐन अनुसार दर्ता गर्न लगाई सम्पूर्ण विवरण यस मन्त्रालयमा राख्ने गरी यस्तो संस्था सञ्चालन गर्न मन्त्रालयले आवश्यक शर्तहरु उल्लेख गरी सञ्चालन गर्न स्थायी वा अस्थायी स्वीकृति प्रदान गर्ने व्यवस्था गराउने । यसरी उल्लेख हुने शर्तमा नेपाली पाठ्यक्रम अनुसारको सामाजिक शिक्षा तथा नेपाली कला एवं संस्कृत सम्बन्धी बिषय अनिवार्य तथा नेपाली भाषा ऐच्छिक रुपमा समावेश गर्ने । कुनैपनि देशको कुटनैतिक नियोग मार्फत् खोलिएका वा खोलिने विद्यालयहरुमा विदेशी विद्यार्थीहरुले मात्र अध्ययन गर्न पाउने व्यवस्था मिलाउने । विदेशी शिक्षण संस्थाको सम्बन्धन प्राप्त गरी सोही संस्थाको स्वीकृत विदेशी शिक्षण संस्थाको सम्बन्धन प्राप्त गरी सोही संस्थाको स्वीकृत पाठ्यक्रम अनुसार संचालित शिक्षण संस्थाको प्रमाण पत्रको मान्यता सम्बन्धमा सो सम्बन्धन दिने संस्थालाई नेपाल अधिराज्य स्थित शैक्षिक संस्थाले मान्यता प्रदान गरेको भए सोहि आधारमा प्रमाण पत्रको मान्यता प्रदान गर्ने। सो नभएमा समकक्षता निर्धारण समान स्तरको गराउने। उक्त बैठकबाट स्वीकृत कार्यविधि देहाय बमोजिम भएको।

क. हाल श्री ५ को सरकारको स्वीकृत विना संचालन भईरहेको शिक्षण संस्थाहरुलाई दुई हप्ताको म्याद दिई सार्वजनिक सुचना दिई निवेदन दिन लगाउने र यसरी पर्न आएको निवेदक संस्थाहरुलाई आवश्यक न्यूनतम शर्तहरु सहित यसमा उल्लेख भएका विधि पुर्याई स्थायी वा अस्थायी स्वीकृति वा सहमति प्रदान गर्ने।

ख. यसरी स्वीकृति वा सहमति प्रदान गर्दा यस्ता संस्थाहरुलाई निश्चित पूर्वाधारहरु जस्तै भवन कोठा, पुस्तकालय, खेलमैदान, लेवोरेटोरी, फर्निचर, शिक्षक, शिक्षण सामग्री, प्रशासनिक कर्मचारी आदिको मापदण्ड निर्धारण गरी सो पूरा भएको नभएको छानविन गरी मापदण्ड पूरा गर्नेलाई यस्तो स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाउने।

ग. यसरी संचालन गर्ने शिक्षण संस्थाहरुमा विदेशी र स्वदेशी संस्था बीच भएको वा हुने सम्झौतामा मन्त्रालयको पूर्व सहमति स्वदेशी पक्षले व्यबस्था मिलाउने र मन्त्रालयले सो संस्था स्वदेशी संस्थाको हितमा भएको छ छैन हेरी औचित्य पुष्टिका आधारमा सहमति दिने व्यबस्था मिलाउने।

घ. यसरी संचालन भएका संस्थाहरु प्रचलित कम्पनी कानुन अनुसार अनिवार्य रुपमा दर्ता गर्न लगाउने व्यवस्था गर्ने।

ङ. यसरी संचालन भएका संस्थाहरुको हरहिसाव नियमअनुसार अडिट गराई वार्षिक रुपमा मन्त्रालयमा प्रतिवेदन पेश गर्न लगाउने।

च. यस्ता संस्थाहरुमा भर्ना गरिने विदेशी विध्यार्थीहरुबाट प्रास हुने विदेशी मुद्रा नेपाल स्थित बैंकमा नै अनिवार्य रुपमा जम्मा गराउने व्यवस्था मिलाउने।

छ. यी प्रक्रियाहरुमा समाविष्ट नभई संचालन भएका संस्थाहरुलाई प्रचलित नेपाल ऐन नियमानुसार कारवाही गर्नेर आमसंचार मार्फत यस्ता अवैध रुपमा खोलिएका संस्थाहरुबारे सर्वसाधारणलाई जानकारी दिने।

ज. भविश्यमा संचालन हुने यस्ता शिक्षण संस्थाहरुबारे पनि यसमा उल्लेखित सबै प्रक्रियाहरु पूरा गर्ने गराउने व्यवस्था मिलाउने।

झ. तहगत आधारमा मन्त्रालयमा हाल विद्यमान शखाहरु मध्यबाट यसबारे आवश्यक कारबाही गर्ने गराउने व्यवस्था मिलाउने।

ञ. यस्ता शिक्षण संस्थाहरुबाट संचालन भएका विषयवस्तुका पाठ्यक्रम वा पाठ्यपुस्तकका कुनैपनि पाठ्य सामग्रीहरुमा नेपाल सम्बन्धि मुलभुत कुराको कुनैपनि किसिमले अहित हुने विषयवस्तुको पठनपाठन हुन नदिनका लागि संवन्धित शिक्षण संस्थालाई नै जिम्मा दिने।

ट. यसरी विदेशी शिक्षण संस्थाहरुसँग सम्झौता गरी श्री ५को सरकारले स्थायी वा अस्थायी स्वीकृति वा सहमति लिई संचालन भएका संस्थाहरुमा अध्यायनरत विद्यार्थीहरुको अध्यायन पूरा गराउने सम्पूर्ण जिम्मेवारी यस्ता संस्थाको नै हुने व्यवस्था गर्ने।

ठ. शुरुमा संचालनमा भएका विषयवस्तु बाहेक अन्य विषयहरु थपघट गर्नुपरेमा मन्त्रालयमा अनिवार्य जानकारी दिनुपर्ने व्यवस्था कायम गर्ने।

ड. भविष्यमा यसरी संचालन हुने शिक्षण संस्थाहरुमा अध्यापन र अध्यायनरत विदेशी शिक्षक र विद्यार्थीहरुको निमित्त आवश्यक पर्ने भिषाको उचित व्यवस्था मिलाउन सम्वन्धित संस्थाले नै पहल गर्ने।

ढ. यसरी स्थायी वा अस्थायी स्वीकृति वा सहमति प्रदान गर्दा विदेशी सम्बन्धित संस्थाको प्रतिष्ठाको आधारमा दिने।

ण. यस्ता शिक्षण संस्थाहरुको नियमित अनुगमन मन्त्रालयले गर्ने गराउने व्यवस्थामिलाउने।

त. विदेशी शिक्षक र विद्यार्थीको निमित्त विदेशी विनिमयको सुविधाको व्यावस्था मिलाउन सम्बन्धित संस्थाले पहल गर्ने।

यी सबै व्याहोरा खोली नितिगत निर्णयका लागि मन्त्री परिषदमा प्रस्ताव पेश गर्ने र मन्त्री परिषदबाट प्रस्ताव स्वीकृत भएपछि सम्बन्धित सबै निकायलाई जानकारी गराउने।

५. मिति २०५७/११/१९ मा सचिवको उपस्थितिमा वैठक बसी वैदेशिक लगानी र व्यावस्थापनमा संचालित शिक्षण संस्थाहरुको वर्तमान स्थितिको समिक्षा गरी नितिगत पक्षमा सुधारका लागि सुझाव सहितको अवधारणा पत्र तयार गर्ने शिलशिलामा विभिन्न माहानुभावहरुको मिति २०५७/११/२५गते बैठक राखि छलफल गर्ने निर्णय गरिएको थियो।

६. निर्देशिका लागू भए पश्चात पनि माननीय मन्त्री ज्यूको अध्यक्षतामा वैठक वसी विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपालमा सञ्चालित शिक्षण संस्थाहरुको व्यवस्थापन तथा नियमनका लागि समय समयमा वैठक वसी विभिन्न निर्णयहरु भएको पाइन्छ। जस्तै मिति २०६०/०१/१३ माननीय मन्त्री ज्यूको अध्यक्षतामा वैठक बसी तपसिलका निर्णयहरु भएको पाइन्छ।विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा संचालन गर्ने सम्बन्धी निर्देशिका २०५९ लागु भईसकेकोले यस निर्देशिकामा उल्लेख भएको प्रक्रियालाई व्यवस्थित गर्न विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा संचालन गरी रहेका र संचालन गर्न चाहने संस्थाले सो निर्देशिकामा व्यावस्था भए अनुसार मन्त्रालयका अनुमतिका लागि निवेदन दिन र साथै पहिले यस विषयमा विषयमा निवेदन दिईसकेका संस्थाहरुले पनि सोहि निर्देशिकामा व्यावस्था बमोजिम तपशिपल अनुसारको विषय समावेश गरी ३५ दिनको अवधि दिई सार्वजनिक सुचना जारी गर्ने निर्णय भएको देखिन्छ। उक्त बैठकबाट हाल संचालनमा रहेका संस्थाहरुलाई नियमितगराउन अनिवार्य रुपमा अनुमति लिनका लागि निवेदन आव्हान गर्ने। नयाँ संचालन गर्नको हकमा पनि निर्देशिकामा व्यावस्था भए अनुसार अनुमति सम्बन्धमा निवेदन आव्हान गर्ने।

७. मिति २०६०/०९/०८ माननीय मन्त्रीको अध्यक्षतामा वैठक बसी तपसिलका निर्णयहरु भएको देखिन्छ । विदेशी शिक्षण संस्थासँग सम्वन्धनमा लिई नेपालमा संचालन गर्न अनुमतिका लागि निवेदन दिने संस्थाहरु बारे अध्यायन गरी प्रत्येक संस्थाको छुट्टाछुट्टै विवरण तयार गरी राय साथ पेश गर्न समितिका सदस्य श्री अर्जुन बहादुर विष्टको संयोजकत्वमा

निम्नानुसारको एक उप समिति गठन गर्ने निर्णय गरियो। साथै सो समितिका आबश्यकता महशुश गरिएका विषेषज्ञहरुलाई उप समितिले आमन्त्रण समेत गर्न सक्नेछ।

८. यसैगरी मिति २०६१/०४/०५माननीय मन्त्रीको अध्यक्षतामा वैठक बसी तपसिलका निर्णयहरु भएको पाइन्छ । नेपालमा संचलन गर्ने संस्था कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई कम्पनी दर्ता प्रमाणपत्र पान नं. प्रबन्ध पत्र र नियमावलीको प्रतिलिपी भएको हुनुपर्ने। सम्वन्धित विदेशी विश्वविद्यालय शिक्षण संस्थाले सम्वन्धन दिई नेपालमा संन्चालन गर्न अनुमति वा स्वीकृति दिएको हुनुपर्ने। सम्वन्धन दिने विदेशी संस्थाको सम्वन्धित देशमा वैधानीकता सम्वन्धी प्रमाण पेश हुनुपर्ने। संचालनार्थ माग भएको शैक्षिक कार्यक्रम /उपाधिलाई नेपालका विश्वविद्यलय वा शिक्षण संस्थाले दिएको मान्यता वा समकक्षता निर्धारण भएको पत्र वा मान्यता हुनसक्ने आधार खुलेको प्रमाण पेश हुनुपर्ने। संचालन हुने कार्यक्रमको स्तर विषय अनुसारको पाठ्यक्रम पेश गर्नुपर्ने। संचालन गर्ने कार्यक्रम र विषय ऐनद्वारा स्थापित नेपालका सम्वन्धित प्रोफेशनल काउन्सिलको मापदण्ड अनुरुप हुनुपर्ने। परीक्षा संचालन र व्यवस्थापन नेपालमा नै भएको हुनुपर्ने। धरौटीको रुपमा निर्दैशिकाको परिच्छेद (२)को (५)(झ)को प्रयोजनको लागि संस्था संचालनको सुरक्षण वापत देहाय बमोजिमको रकम मन्त्रालयले तोकिदिएको बैंकमा सम्बन्धित संस्थाको नाममा मुद्दतिखातामा जम्मा गर्को प्रमाण पेश गर्नुपर्ने। यसरी जम्मा गरिएको रकमबाट प्राप्त हुन आएको ब्याजको रकम संस्थाको काममा खर्च गर्न सकिने समेतको निर्णय भएको। उक्त निर्णयमा ६महिना सम्मको व्यावसायिक विषयको लागि धरौटी शुल्क नलिने, १वर्ष अवधिको व्यावसायिक विषयको लागि रु.५०,०००, १ वर्ष सम्मको साधारण विषयको लागि रु.२००,०००।,२वर्ष सम्मको साधारण विषयको लागि रु.४००,०००।, ३ वर्ष सम्मको साधारण विषयको लागि रु.६००,०००।, ४ वर्ष सम्मको साधारण विषयको लागि रु.८००,०००।, र प्रविधिक विषय १,२,३ र ४ वर्षका लागि क्रमश. ३,५,७ र ९लाख लिने गरेको ।

९. विदेशी संघ संस्थाबाट सम्वन्धनमा लिई o level तथा विद्यालय स्तरीय पठनपाठन गर्ने प्रयोजन अनुरुप शिक्षालय संचालन गर्न शिक्षा ऐनले बन्देज लगाएकोले सोहि अनुसार गर्ने । A-level को हकमा Exam center no. पाएकालाई अनुमति दिन मिल्ने। नेपालमा शैक्षिक विषय पठनपाठन नभएकोलाई सम्बन्धित संस्था को सिफारिसमा प्राथमिकता अनुसार अनुमति दिने। निर्देशिकामा उल्लेखित शर्त १ वर्ष भित्रमा पूरा गर्नुपर्ने। अनुमति दिंदा प्रत्येक वर्ष नविकरण गर्ने गरी अस्थायी रुपमा अनुमति दिने। नेपालको संस्था वा वि.वि. सँग स्तरनिर्धारण १ वर्षभित्र संथापक स्वयंले गराउनुपर्ने। उपत्याका बाहिर संचालन गरिने संस्थालाई प्राथमिकता दिनुपर्ने। तोकिए अनुसार नविकरण शुल्क लिनुपर्ने। एक पटकमा एक तहको कार्यक्रम संचालन गर्न दिने र त्यसपछि क्रमश.

दोस्रो तेस्रो र चौथो वर्षको अनुमति दिने । तर यसभन्दा अघि संचलन भएकाहरुको हकमा अनुमति दिन पर्ने।

१०. मिति २०६२/०९/२१ को माननीय मन्त्रीज्यूको अध्यक्षता वैठक बसी तपसिलका निर्णयहरु भए। विदेशी शिक्षण संस्थासँग सम्वन्धनमा लिई संस्था खोल्नका लागि निवेदन दिंदा ती संस्थाहरुले संलग्न गर्नुपर्ने कुरा तथा अपनाउनुपर्ने नीतिगत प्रक्रियाहरु यस समितिको सचिवालयले तयार पारी समितिको बैठकमा पेश गर्ने। त्यसमा निम्न लिखित नीतिगत प्रक्रियाहरु अपनाउने । शिक्षण संस्था संचालन गर्ने अनुमतिका लागि निवेदन दिने संस्थाहरुले पेश गरेका कागजातहरु प्रारम्भिक मूल्याङ्कन उपसमितिले छानविन गरी सो सम्बन्धमा सम्बन्धन लिएको विदेशी शिक्षण संस्थाहरुको समकक्षता निर्धारण कानुनी आधार आदिबारे विश्वविद्यलय अनुदान आयोगबाट राय माग गरी समितिको बैठकमा पेश गर्ने। शिक्षण संस्था संचालन गर्न अनुमतिका लागि निवेदन दिने संस्थाहरुको आर्थिक अवस्था संस्थाको विश्वसनियता जनशक्तिको अवस्था लगायतका विषयको अध्यायन गर्न प्रारम्भिक निरिक्षण गराउने र उपयुक्त देखिएमा मनसाय पत्र दिने । संस्थाले तोकिएको नर्म्स पूरा गरेको जानकारी दिएपछि पुनःस्थलगत निरीक्षण गराई उपयुक्त भएमा संस्था संचालनको अनुमति दिने।

११. मिति २०६४/०७/१६मा माननीय मन्त्रीज्यूको अध्यक्षतामा उच्चस्तरीय मूल्याङ्कन तथा अनुगमन समितिको वैठक बसी तपसिलका निर्णयहरु भयो। विदेशी शिक्षण संस्थासँग सम्वन्धनमा उच्च शिक्षा संचालन गर्ने सम्बन्धी निर्देशिका,२०६३ को परिच्छेद २ को दफा ५ को (ज) बमोजिम निवेदन दस्तुर वापत रु.१००००।–लिई आएकोमा ३ नोभेम्वर ,२००७(वि. सं. २०६४/०७/१७) गते देखि लागू हुने गरी निवेदन दस्तुर वापत रु.१०००००।–एकलाख लिने निर्णय गरियो। विदेशी शिक्षण संस्थासँग सम्वन्धनमा उच्च शिक्षा संचालन गर्ने सम्बन्धी निर्देशिका,२०६३ को परिच्छेद ७ विविधको दफा ५ अनुसार नविकरण वस्तुर वापत प्रति विद्यार्थी वापत रु. ५००।–लिई आएकोमा अब उप्रान्त ३ नोभेम्वर ,२००७(वि. सं. २०६४/०७/१७) गते देखि लागू हुने गरी नविकरण दस्तुर वापत प्रति विद्यार्थी रु.१२००।–एकहजार दुईसय लिने सो सकम मध्ये आधा रकम राजश्व खातामा बाँकी रकम रु.६००।–मध्ये रु.३००।– समितिको खातामा र रु. ३००।– विपन्न विद्यालय सहयोग कोष निर्माण गरी जम्मा गर्ने निर्णय गरियो। विदेशी शिक्षण संस्थासँग सम्वन्धनमा उच्च शिक्षा संचालन गर्ने अनुमति प्राप्त गरेको संस्थाहरुले ठाँउसारीका लागि निवेदन दिएमा कारवाही गर्ने तर स्वमित्व परिवर्तनका लागि निवेदन दिने नपाउने निर्णय गरियो। विदेशी शिक्षण संस्थासँग सम्वन्धनमा उच्च शिक्षा संचालन गर्ने सम्वन्धी निर्देशिका अनुसार काठमाडौं र ललितपुर जिल्लामा ए लेभल कार्यक्रम संचालन गर्ने माग बढी रहेको तथा अनुमति प्राप्त गरी संचालन भएका त्यस्ता संस्थाहरुको प्रचावकारिताको अनुगमन

तथा मूल्याङ्कन गर्न समेत हाललाई काठमाडौं र ललितपुर जिल्लामा . विदेशी शिक्षण संस्थासँग सम्वन्धनमा ए लेभल कार्यक्रम संचालन गर्ने कार्यलाई स्थगित गर्ने निर्णय गरियो। अब उप्रान्त एउटै छाना मुनि ए लेभल र उच्च माध्यामिक तहको शिक्षा कार्यक्रम संचालन गर्न नपाउन् शर्त समावेश गर्ने तथा हाल ए लेभल कार्यक्रम संचालन गरिरहेका संस्थाहरुलाई समेत अब उप्रान्त २ वर्ष भित्र उच्च माध्यामिक शिक्षा र ए लेभल कार्यक्रम अलग अलग रुपमा संचालन गर्नुपर्ने व्यावस्था मिलाउन सबै संस्थाहरुलाई लेखि पठाउन मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो।

१२. मिति २०६९/०७/२२ मा माननीय मन्त्रीज्यूको अध्यक्षतामा उच्चस्तरीय मूल्याङ्कन तथा अनुगमन समितिको वैठक बसी तपसिलका निर्णयहरु भयो। विदेशी शिक्षण संस्थासँग सम्वन्धनमा नेपालमा शैक्षिक कार्यक्रम संचालन गर्न शिक्षा मन्त्रालयबाट अनुमति लिएका शैक्षिक संस्थाहरुको अनुमति नविकरण गर्न निरीक्षण टोलीद्वारा अनुगमन गराई सो प्रतिवेदनको आधारमा अर्को बैठकमा निर्णय गर्ने। विदेशी शिक्षण संस्थासँग सम्वन्धनमा नेपालमा शैक्षिक कार्यक्रम संचालन गर्न अनुमति लिएका शैक्षिक संस्थाले अनुमति लिएको जिल्ला स्थानमा बाहेक अन्य जिल्ला र स्थानमा शाखा खोली कार्यक्रम संचालन गर्न अनुमति नदिने निर्णय गरियो। विदेशी शिक्षण संस्थासँग सम्वन्धनमा नेपालमा उच्च शिक्षा संचालन गर्ने अनुमति दिने प्रक्रियालाई थप व्यवस्थित गर्न देहयको तालिका (क्यालेण्डर)अनुसार गर्ने निर्णय गरियो। जसअनुसार पुष महिना-नयाँ कलेज,सिकाई केन्द्र(लर्निङ्क सेन्टर)संचालन,कार्यक्रम थप तथा नविकरणका लागि निवेदन लिने। नयाँ निवेदन लिंदा काठमाडौं उपत्याका बाहिरकालाई प्रथमिकता दिने। माघ-चैत्रः उक्त संस्थाको निरिक्षण,अनुगमन,संम्बन्धन दिने संस्थाको वैधानिकता समेतका विषयको अध्यायन गरिसक्ने। संचालनरत संस्थाको नविकरणका निमित्त अनुगमन निरीक्षण। थप कार्यक्रम माग गर्ने संस्थाको हकमा निरीक्षण लगायत राय परामर्श तथा सूचना संकलन। वैशाख महिना-शर्त पूरा गर्ने संस्थाहरुलाई अनुमति प्रदान गर्न,कार्यक्रम थप गर्ने तथा नविकरण गर्ने र अन्यथा भए सोही अनुसार जानकारी गराउने।एक भन्दा बढी विश्वविद्यालयबाट संम्बन्धन लिई कार्यक्रम संचालन गर्दै आएका वा थप कार्यक्रम संचालन गर्नअनुमति माग गर्ने संस्थाहरुको निरीक्षण गरी अर्को बैठकमा निर्णय गर्ने।

१३. मिति २०७०/०२/३१ मा माननीय मन्त्रीज्यूको अध्यक्षतामा उच्चस्तरीय मूल्याङ्कन तथा अनुगमन समितिको वैठक बसी तपसिलका निर्णयहरु भयो। अनुमति प्राप्त संस्थाहरुको नविकरण सम्बन्धमा। तीन वर्षे बीबीए कार्यक्रम बारे। नयाँ निवेदककोहकमा तिनवर्षे बीबीए संचालन अनुमति नदिने। ४ वर्षे अवधिको बीबीए कार्यक्रमलाई अनुमति दिन उपयुक्त हुने। ए लेभल कार्यक्रम संचालनको लागि देहाएका ५ संस्थाहरुलाई अनुमति दिन सिफारीस गर्ने निर्णय गरियो। पेन्टागन इन्टरनेशनल कलेज तिनकुने,काठमाडौं, एम्बिसन एकेडेमी बानेश्वर,काठमाडौं ,नोबेल एकेडेमी नयाँ

बानेश्वर,काठमाडौं, क्यापिटल कलेज एण्ड रिसर्च सेन्टर,प्रा.लि.बालकुमारी कोटेश्वर काठमाडौं, साउथ वेस्टर्न कलेज,धापासी काठमाडौं ।

अनुसूचि २: विभिन्न कार्यदल र समितीका प्रतिवेदनको सार

१. विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धमा प्रतिवेदन पेश गर्न गठित कार्यदलको प्रतिवेदन २०७५

गुनासा तथा समस्याहरु

क. समकक्षता सम्बन्धी

- कलेज र विद्यार्थी दुबैबाट शुल्क लिने गरेकाले दोहोरो शुल्कको भार परेको
- विदेशबाट पढेर आउने र नेपालमा पढ्ने विद्यार्थीहरुलाई समेत फरक दृष्टिकोणबाट हेरिने गरिएको
- शिक्षण संस्थाले पटक पटक दुई दुई वर्षमा समकक्षता गराउनु पर्ने वाध्यता रहेको
- समकक्षता सम्बन्धी विधि प्रक्रिया र अन्य प्रावधान लामो रहेको
- समकक्षता गराउने निकायहरुबाट शिक्षण संस्थाहरुमा अर्थहीन अनुगमन गर्ने गरिएको

ख. शिक्षण संस्थाहरुको अनुगमन तथा मूल्याङ्कन

- सझाव दिने र सुझाव कार्यान्वयन गर्ने गराउने निकाय वीच तालमेल हुन नसकेको
- अनुगमन टोलीका सदस्यहरुले निर्देशिका अनुसार सञ्चालन भएका शिक्षणसंस्थालाई सुधारका लागि समय दिने, विधि प्रक्रिया विपरित सञ्चालन भएको पाइएमा सचेत गराउने जस्ता अधिकारको अभावमा अनुगमन औपचारिकतामा सीमित भएको
- अनुगमनका लागि स्रोत र साधनको कमी रहेको
- शिक्षण संस्थाहरुमा गरिने अनुगमनलाई मूल्याङ्कन प्रणालीसँग नजोडिएको
- अनुगमनका लागि निश्चित साधनहरु नतोकिएको र तथ्याङ्कमा मात्र सिमीत गरिएको

३. पाठ्यक्रम, परीक्षा प्रणाली र मूल्याङ्कन

- परीक्षा प्रणाली आन्तरिक र वाह्य गरी दुई किसिमले हुने व्यवस्था भए पनि आन्तरिक मूल्याङ्कनलाई बढि जोड दिएको
- वाह्य परीक्षा केही कलेजले आफ्नै कलेजमा सञ्चालन गर्ने गरेको र केहीले अन्य कलेजमा सञ्चालन गर्ने गरेको
- परीक्षाका सम्बन्धमा शिक्षा मन्त्रालय र सुरक्षा निकायहरुलाई जानकारी गराउने नदेखिएको कारण वाह्य परीक्षाको विश्वसनीयता माथि शङ्का गर्ने ठाउँ देखिएको

- कतिपय पाठ्यक्रम र पाठ्यवस्तु सम्बन्धन प्रदान गर्ने विश्व विद्यालय रहेको देशसँग परिचित ऐन, कानून लगायतका विषयहरु अध्यापन गर्नुपर्ने व्यवस्थाको सट्टा नेपाल सापेक्ष पाठ्यक्रम बनाउन धेरै प्रयास भएको नपाइएको
- शिक्षण संस्थाहरुमा नेपाल सम्बन्धी जानकारी गराउने थप एक विषय अध्यापन गराउने कार्य भएको नपाइएको

२. विदेशी शिक्षण संस्थाको सम्बन्धनमा सञ्चालित विभिन्न कलेजहरुको छानविन, २०७७

समस्याः विदेशी मुद्रा अपचलन

उजुरीमा उल्लेख भएका छ ओटा कलेजहरुले विद्यार्थीबाट उठाएको रकम र विश्वविद्यालयमा पठाएको रकममा सिमीत रही छानविन गरिएको

- मन्त्रालयबाट अनुमति प्राप्त शिक्षण संस्थाले विदेशी विश्वविद्यालय वा शिक्षण संस्थालाई हरेक वर्ष विद्यार्थीको रजिष्ट्रेशन शुल्क लगायतका विषयमा तिर्नु बुझाउनु पर्ने विदेशी मुद्रा वापत मन्त्रालयबाट अनिवार्य सिफारिस लिनु पर्ने व्यवस्था भए गरेको देखिएन
- मन्त्रालयबाट नेपाल स्थित शिक्षण संस्थालाई विदेशी शिक्षण संस्थाको सम्बन्धनमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति वा स्वीकृति दिदाका बखत मन्त्रालयको सिफारिस वा सहमति लिनु पर्ने गरी सर्त तोकिएको पाइएन
- मन्त्रालयबाट नियमित अनुगमन हुन सकेको पनि पाइएन
- निर्देशिका बमोजिम छात्रवृत्ति प्रदान गर्ने कार्य व्यवस्थित रहेको पाइएन
- निर्देशिका बमोजिम शिक्षण संस्थाको विधान, प्रबन्ध पत्र र नियमावली संशोधन तथा वाह्य परीक्षाको जानकारी मन्त्रालयलाई दिनु पर्ने र शिक्षण संस्थाले लिने शुल्कको विवरण प्रत्येक शैक्षिक वर्षको शुरुमा अनिवार्य रुपमा मन्त्रालयमा पेश गर्नु पर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्थाको कार्यान्वयन भएको देखिएन
- निर्देशिकाको दफा ८ को उपदफा ६ र ७ बमोजिम शिक्षण संस्थाले प्रत्येक वर्ष माघ मसान्त अगावै नविकरणका लागि पेश गर्ने गरेको देखिन्छ । तर मन्त्रालयबाट शिक्षण संस्थाले पेश गरेका निवेदन उपर जाँचबुझ गरी नविकरण पत्र दिने गरेको भने पाइएन।
- धरौटी रकम शिक्षण संस्थाले संस्थाकै नाममा मुद्धति खातामा राखेको पाइयो।
- अनुमति प्राप्त शिक्षण संस्थाले प्रत्येक वर्ष विद्यार्थी भर्ना गर्नु भन्दा पहिले विद्यार्थी भर्ना सङ्ख्या अनिवार्य रुपमा मन्त्रालयलाई जानकारी गराउनु पर्ने गरी अनुमति दिदा शर्त तोकिएकोमा सो सर्तको पालना गरेको पाइएन ।

- शिक्षण संस्थाले विदेशमा रकम पठाउँदा आयकर ऐन २०५८ को दफा ८८ को उपदफा १ बमोजिम कर तिरे बुझाएको पाइएन

३. उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७५ ले विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूलाई राष्ट्रिय आवश्यकता र विद्यार्थीको विश्वस्तरीय शिक्षा प्राप्तिको सहुलियतपूर्ण चाहनाको वैधानिक र विश्वसनीय व्यवस्थापन गर्नुलाई एक चुनौतीको रुपमा लिएको छ। साथै यस प्रतिवेदनले नेपालभर विश्व व्यापार संगठनको सदस्य राष्ट्र भएकोले विदेशी खुला वा परम्परागत विश्वविद्यालयहरूमा तिनका साझेदारीमा चल्ने चलाइने विश्वविद्यालय वा उच्च शैक्षिक संस्था यहाँ स्थापना हुन सक्छन् भने उल्लेख गरेको छ। साथै प्रतिवेदनले यस्ता विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाहरुले स्वदेशी विश्वविद्यालय वा उच्च शैक्षिक संस्थालाई पनि प्रभावित तुल्याउन सक्छन् भन्ने विषयलाई उजागर गरेको छ। विदेशी विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाका नाममा कमजोर शैक्षिक स्तरका विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरू पनि भित्रिन सक्ने कुरा आएको प्रतिवेदनले उल्लेख गरेको छ। यसै कुरालाई मध्यनजर गरी आयोगको प्रतिवेदनले निम्नानुसारको व्यवस्था गर्ने कुरा उल्लेख गरेको छ।

क. विशेष शैक्षिक गुणस्तर कायम गर्न सक्ने अवस्थामा मात्रै विदेशी विश्वविद्यालय वा तिनका उच्च शैक्षिक संस्थाहरुलाई नेपालमा कार्यक्रम चलाउन स्वीकृति दिने,

ख. एउटा विश्वविद्यालयको प्रदेशगत रुपमा बढीमा एकवटा मात्र शिक्षण संस्था सञ्चालन गर्न दिने

ग. शिक्षण संस्था र सम्बन्धन प्रदायक निकाय बीच भएको सम्झौताको गुणस्तर समेतका सम्बन्धमा अनिवार्य रुपमा परराष्ट्र मन्त्रालयमार्फत् सम्बन्धित कुटनीतिक नियोगबाट बुझेर मात्र सम्बन्धन परिवर्तन थप कार्यक्रम सञ्चालन तथा स्वीकृति प्रदान गर्ने साथै सम्बन्धन प्रदायक विश्वविद्यालयले पनि आफ्नो मुलुकबाट सम्बन्धन स्वीकृति भएको आधिकारिकता देखाउनुपर्ने व्यवस्था गर्ने

घ. नेपालमा सञ्चालनमा रहेका र सञ्चालनमा रहने शिक्षण संस्थाको गुणस्तर प्रत्यायन बोर्ड मार्फत QAA गराउने व्यवस्था गर्ने

ङ. यस्ता उच्च शिक्षाका संस्थाहरूमा कम्तिमा ५१ प्रतिशत रकम स्वदेशी लगानीकर्ताको हुनुपर्ने

च. विदेशी शैक्षिक संस्थाका शैक्षिक कार्यक्रममा मात्र होइन मानव संसाधन तथा लगानीमा समेत साझेदारी हुनेगरी संरचनासहित सञ्चालन गर्नुपर्ने

छ. एउटा उच्च शैक्षिक संस्थाले विदेशी एउटा विश्वविद्यालयबाट मात्रै सम्बन्धन लिन पाउने तर सहकार्यका आधारमा सञ्चालन गर्दा पनि शैक्षिक तथा अनुसन्धान परियोजनाहरू सञ्चालन गर्न पाउने व्यवस्था गर्ने

ज. सम्बन्धित देशको सरकारको लगानी भएको नाफा नलिने विश्वविद्यालयबाट मात्रै सम्बन्धन लिन सक्ने

झ. सम्बन्धित देशको सरकारको लगानी भएको नाफा नलिने विश्वविद्यालयबाट मात्रै सम्बन्धन लिन सक्ने

अनुसूचि ३ : निर्देशिकाको पहिलो र दोश्रो संशोधनमा भएका परिवर्तनहरु

<u>पहिलो शंशोधन</u>

| शुरुमा के थियो | पहिलो संशोधनमा थप वा घट भएको विवरण |
|---|---|
| • प्रस्तावनामा उच्च माध्यमिक तह वा सो भन्दा माथिल्लो तहको शिक्षण संस्था सञ्चालन गर्ने कार्यलाई व्यवस्थित र नियन्त्रित गराउन | • उच्च माध्यमिक तहको सट्टा स्नातक तह भनियो |
| • विदेशी शिक्षण संस्था Accredited हुनुपर्ने | • विदेशी शिक्षण संस्था QQA/Accreditation प्राप्त गरेको हुनुपर्ने |
| • आवेदन दस्तुर रु. १०,०००।- | • आवेदन दस्तुर रु. ५,००,०००।- |
| • उच्चस्तरीय मूल्यांकन तथा अनुगमन समितिमा उच्च माध्यमिक शिक्षा परिषद्को सदस्य सचिव सदस्य हुने प्रावधान | • उच्चस्तरीय मूल्यांकन तथा अनुगमन समितिमा उच्च माध्यमिक शिक्षा परिषद्को सदस्य सचिव सदस्य हुने प्रावधानलाई हटाइएको ।<br>• विदेशी विश्वविद्यालयको सम्बन्धनमा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका शिक्षण संस्थाका सञ्चालकहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना सदस्य रहने प्रावधान राखिएको |
| • धरौटी रकम समितिले तोक्ने व्यावस्था रहेको | • निर्देशिका मै धरौटी रकम तोकिएको । |
| • सञ्चालन अनुमति दिनु अघि प्रारम्भिक छानबिन समितिको काम शैक्षिक प्रशासन महाशाखाका सहसचिवको संयोजकत्वमा ऐन नियम परामर्श शाखाका उपसचिव र उच्च तथा | • उच्चस्तरीय मूल्यांकन तथा अनुगमन समितिका सदस्य मध्येबाट एकजना संयोजक र कम्तीमा ३ जना बिषय विज्ञ समेत बढीमा ५ जना सदस्य रहेको प्रारम्भिक छानबिन उप-समिति रहने व्यवस्था रहेको । |

| | |
|---|---|
| प्राविधिक शिक्षा शाखाका उपसचिव रहने व्यवस्था रहेको । | |

<u>दोस्रो संशोधनबाट थप भएका प्रावधानहरु निम्नानुसार रहेका छन्।</u>

- कुनै पनि विश्वविद्यालयको सम्बन्धनमा नेपालभर पाँचवटा भन्दा बढी संस्थालाई कार्यक्रम संचालन अनुमति नदिने ।
- .शिक्षण संस्थाले कार्यक्रम संचालनको लागि पेश गरेको विश्वविद्यालयसँगको सम्झौता वा समझदारी पत्रको आधिकारिकता सम्बन्धमा परराष्ट्र मन्त्रालय मार्फत नेपाली राजदुतावास वा सिधै सम्बन्धन प्रदान गर्ने विश्वविद्यालयसँग बुझ्नुपर्ने ।
- प्रत्येक वर्ष माघ मसान्तभित्र नविकरणका लागि आवेदन नगर्ने शिक्षण संस्थाले सोहि आर्थिक वर्षको असार मसान्तभित्र प्रति कार्यक्रम थप रु.५००००।– राजश्व दाखिला गरि नविकरणका लागि आवेदन गर्न सक्ने।
- सम्वन्धन परिवर्तन गरेका शिक्षण संस्थाले सम्बन्धन प्रदायक विश्वविद्यालयको सम्वन्धन परिवर्तन गर्न चाहेमा QAA/accreditation प्राप्त विश्वविद्यालयको सम्वन्धन परिवर्तन गर्न आवेदन गरेमा मन्त्रालयले त्यस्तो स्वीकृति दिन सक्ने। तर त्यस्तो सम्बन्धन परिवर्तनका कारण पूर्व सम्बन्धन परिवर्तन गर्ने विश्वविद्यालयअन्तर्गत विद्यर्थीहरुको अध्ययन निरन्तरता हुने कुराको सुनिश्चितता सम्बन्धित शिक्षण संस्थाले नै गर्नुपर्ने।
- कार्यक्रमका लागि आवेदन गर्ने संस्थाको शैक्षिक तथा भौतिक पूर्वाधार सुरु अनुमति प्राप्त गर्न तोकिएको पूर्वाधारको थप ५०%पूर्वाधार तयार गरेको हुनुपर्ने।
- धरौटी बापतको रकम कम्तीमा क वर्गको बैंकको बैंक ग्यारेन्टी समेत पेश गर्न सकिने । तर त्यस्तो बैंक ग्यारेन्टीको अवधि कम्तिमा ४ वर्षको हुनुपर्ने र त्यस्तो बैंक ग्यारेन्टी म्याद समाप्त हुनु अगावै नविकरण गर्ने दायित्व सम्बन्धित शिक्षण संस्थाको हुने।
- तोकिएको अवधिभित्र धरौटी रकम वा बैंक ग्यारेन्टी नविकरण नगर्ने संस्थाको हकमा देहाय बमोजिम हुने।

- ○ धरौटी रकम वा बैंक ग्यारेन्टीको अवधि समाप्त भएको मितिले ६ महिना भित्र नविकरण गर्न धरौटी रकम वा बैंक ग्यारेन्टीका अतिरिक्त प्रति कार्यक्रम रु.५००००।– राजश्व दाखिला गरि नविकरण गर्न सक्ने।
- ○ धरौटी रकम वा बैंक ग्यारेन्टी नविकरण नगरेमा अवधि समाप्त भएको मितिले थप ६ महिना भित्र नविकरण गर्न धरौटी रकम वा बैंक ग्यारेन्टीका अतिरिक्त प्रति कार्यक्रम रु.१०००००।– राजश्व दाखिला गरि नविकरण गर्न सक्ने।
- ○ अध्यावधिक नगर्ने शिक्षण संस्थाको अनुमति स्वत रद्द भएको मानिने।
- ● अनुमति प्राप्त गरि संचालनमा रहेका संस्था बाहेक अब उप्रान्त एउटा कम्पनी वा संस्थामा एक चन्दा बढी विश्वविद्यालयको सम्बन्धनमा कार्यक्रम संचालन गर्ने अनुमति प्रदान नगरिने ।
- ● मन्त्रालयबाट अनुमति प्राप्त गरि संचालनमा रहेका शिक्षण संस्थाले लिने शुल्कको विवरण प्रत्यक शैक्षिक वर्षको शुरुमा अनिवार्य रुपमा मन्त्रालय समक्ष पेश गर्नुपर्ने ।

## अनुसूचि ४: इन्टरनेशनल एजुकेशन प्रोभाइडर्स एसोशिएसन अफ नेपाल- आइप्यान

मिति : २०८१/०१/२०

श्रीमान् शंकर कोईरालाज्यू,
संयोजक, 'विदेशी शिक्षण संस्थाको सम्बन्धमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशीका-२०५९'
संशोधन सुझाव विज्ञ समिति,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं, नेपाल ।

विषयः <u>जानकारी तथा सुझाव सम्बन्धमा ।</u>

श्रीमान् संयोजकज्यू,

अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय शिक्षा नेपालमै सर्वसुलभ शुल्कमा प्रदान गर्ने तथा नेपाललाई क्रमशः अन्तर्राष्ट्रिय शिक्षाको केन्द्र बनाउने उद्देश्यले विदेशी विश्वविद्यालयहरूको सम्बन्धन र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको स्वीकृती लिई नेपालमा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूको साझा संस्था हो **इन्टरनेशनल एजुकेशन प्रोभाइडर्स एसोसिएसन अफ नेपाल–आइप्यान** (International Education Providers Association of Nepal–IEPAN) । यस संस्थाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई उच्च शिक्षामा गुणस्तर सुनिश्चित गर्न के-कस्ता नीतिगत निर्णय र सुधारहरू गर्नुपर्छ तथा नेपाललाई कसरी अन्तर्राष्ट्रिय शिक्षाको केन्द्र र दक्षिण एसियाको प्रमुख शैक्षिक गन्तव्यका रुपमा विकास गर्न सकिन्छ र त्यसका लागि विद्यमान ऐन तथा कानुनहरूमा के-के सुधार गर्नु पर्छ भन्ने विषयमा सल्लाह र सुझाव दिदैं आईरहेको छ ।

माननीय शिक्षा मन्त्रीज्यूको पहलमा नेपालमै ३० हजार भन्दा बढी विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गरिरहेको ७ हजार पाँच सय भन्दा बढीलाई प्रत्यक्ष र १५ हजार भन्दा बढीलाई आंशिक रुपमा रोजागारी प्रदान गरिरहेको तथा प्रत्येक वर्ष अध्ययनका लागि विदेशी सक्ने अरबौं रकम स्वदेशमै रोक्न योगदान गर्ने अर्थात 'विदेशी शिक्षण संस्थाको सम्बन्धमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशीका-२०५९' बमोजिम शिक्षा मन्त्रालयको अनुमतिमा नेपालमा सञ्चालित शिक्षण संस्थाहरूलाई अझ प्रभावकारी र व्यवस्थितरुपमा सञ्चालन गर्नका लागि के-कस्ता कानुनी व्यवस्था गर्नु पर्छ भनि सुझाव दिन तपाईंको संयोजकत्वमा गठित समितिलाई हाम्रो संस्था आबद्ध शिक्षण संस्थाहरूको योगदानहरूको जानकारी गराउँदै विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपालमा सञ्चालित शिक्षण संस्थाहरूलाई अझ प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न तथा नेपाललाई अन्तर्राष्ट्रिय शिक्षाको हवका रुपमा विकास गर्न **'स्टडी इन नेपाल'** अवधारणा व्यवस्थाका सम्बन्धमा, नेपालका शिक्षण संस्थाहरू अध्ययन गर्न चाहने विदेशी विद्यार्थीहरूलाई प्रदान गर्ने **अध्ययन भिसा** सहज प्रदान गर्ने सम्बन्धमा, युवा विद्यार्थीहरूको पलायन रोक्नका लागि **सहुलियत शैक्षिक कर्जा** सम्बन्धमा, अध्ययनका लागि विदेश जाने भन्दा स्वदेशमा अध्ययन गर्ने विद्यार्थीबाट डलर सटही सुविधा लिए वापत राज्यले असुल गर्ने **असमान कर शुल्क** सम्बन्धमा, अध्ययनका लागि विदेश जाने नेपाली विद्यार्थीहरूलाई प्रदान गर्ने **NOC** का सम्बन्धमा र 'विदेशी शिक्षण संस्थाको सम्बन्धमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशीका-२०५९' संशोधनमा समेट्नु पर्ने विषयमा समेत श्रीमान् संयोजकज्यूलाई जानकारी गराउन चाहन्छौं ।

**<u>नेपालमा विदेशी विश्वविद्यालयको इतिहासः</u>**

वि.सं. १९७५ मा (सन् १९१८) **पटना विश्वविद्यालय**को सम्बन्धमा नेपालको पहिलो उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्था **त्रि-चन्द्र कलेज**को स्थापना भएको थियो । तसर्थ **त्रि-चन्द्र कलेज** नेपालको पहिलो कलेज मात्रै होइन, **नेपालमा विदेशी विश्वविद्यालयको सम्बन्धमा सञ्चालित पहिलो पनि हो ।** त्रिभुवन विश्वविद्यालयको स्थापना हुनु भन्दा पहिला--त्रिचन्द्र कलेज-काठमाडौं, दरबार कलेज-काठमाडौं, संस्कृत महाविद्यालय, पद्मकन्या कलेज-काठमाडौं, पाटन कलेज-ललितपुर, जनता महाविद्यालय-दाङ, दरबार इन्टर कलेज-काठमाडौं, नेपाल नेसनल कलेज-काठमाडौं, त्रिभुवन इन्टर आर्ट कलेज, पब्लिक साइन्स कलेज-काठमाडौं, नेपाल ल कलेज-काठमाडौं, ठाकुरराम इन्टर कलेज-वीरगञ्ज, त्रिभुवन कलेज-तानसेन, धनकुटा कलेज-धनकुटा, मोरङ कलेज, विराटनगर, महेन्द्र विन्देश्वरी कलेज-राजविराज, रामस्वरुप सागर इन्टर कलेज-धनुषा, महेन्द्ररत्न पब्लिक कलेज-काठमाडौं लगायत कलेजहरू पटना विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित थिए ।

आधुनिक इतिहासको कुरा गर्दा विश्वव्यापीकरणको प्रभाव सँग-सँगै नेपालले पनि विश्व व्यापार सङ्गठन WTO मा हस्ताक्षर गरे सँगै आज भन्दा २८ वर्ष अगाडि विदेशी शिक्षण संस्थाको सम्बन्धनमा वि.सं. २०५३ (सन् १९९६) देखि कलेजहरू सञ्चालनमा आएका थिए । त्यसलाई व्यवस्थापन गर्न सरकारले २१ वर्ष अगाडि वि.सं.२०५९ सालमा **'विदेशी शिक्षण संस्थाको सम्बन्धमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी**

**निर्देशीका-२०५९'** जारी गरेको थियो । हाम्रो समेत सुझावहरूलाई समेटेर उक्त निर्देशिकालाई समृद्ध बनाउन नेपाल सरकारले दुई पटक निर्देशिका संशोधन गरेको छ । जसका कारण आज नेपालमा विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरूले हजारौंको संख्यामा नेपाली विद्यार्थीहरूलाई विदेशिनबाट रोकिरहेका छन् ।

**आइप्यानका योगदानहरू:**

आइप्यान अन्तर्गतका कलेजहरूमा हाल २९ हजार ५ सय ६ विद्यार्थीहरू अध्ययनरत छन् । यो संख्या नेपालमा अध्ययनरत विद्यार्थीको ५.९ प्रतिशत हो र त्रिभुवन विश्वविद्यालय र पोखरा विश्वविद्यालय पछिको तेस्रो ठुलो संख्या हो । आइप्यान आबद्ध शिक्षण संस्थाहरूमा गरिब, जेहनदार तथा सिमान्तकृत समुदायका करिब ७ हजार पाँचसयले पूर्ण तथा आंशिकरुपमा छात्रवृत्ति प्राप्त गरी अध्ययन गरिरहेका छन् । आइप्यान अन्तर्गतका कलेजहरूमा २९ हजार भन्दा बढी विद्यार्थीहरू अध्ययन गरिरहँदा युवाहरू पलायनहुनबाट रोकिएको मात्रै होइन, देशबाट बाहिरन सक्ने थप करिब ६० अर्ब रूपैयाँ विदेशिनबाट पनि जोगिएको छ । विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपाल सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूको शिक्षण शुल्क, परिक्षा शुल्क र विश्वविद्यालय रजिष्ट्रेशन शुल्क वापत रकम भुक्तानी गर्दा राज्यकोषमा डलर सटही सुविधा वापत ८ करोड २४ लाख ११ हजार ८ सय ४७ रुपैयाँ राजस्व दाखिला भएको छ । विद्यार्थीको वार्षिक शुल्क र नविकराण अन्य विभिन्न शिर्षकमा राज्यकोषमा ७ करोड १२ लाख ५९ हजार रकम राजस्व दाखिला भएको छ । साथै, हाम्रो संस्थामा आवद्ध कलेजहरूमा करिब ५ हजारले पूर्णकालिन, करिब ८ हजारले आंशिक र करिब १५ हजारले अप्रत्यक्ष रोजगारी प्राप्त गरिरहेका छन् । अधिकांश ग्र्याजुयटहरूले नेपालमा नै पेशा व्यवसाय गरेर हजारौंलाई रोजगारी प्रदान गरिरहेका छन् ।

नेपालमा सूचना-प्रविधि (आईटी) क्षेत्रमा AI and Machine Learning, Data Analytics, Cyber Security, AR/VR Multimedia, Mobile Games Development, Technopreneurship; व्यवस्थापन क्षेत्रमा Digital Marketing, Data & Business Analysis, Finance and Economics, Entrepreneurship; होटेल म्यानेजमेन्ट क्षेत्रमा Hospitality and Tourism Management Degree Program, Culinary Arts, MBA Hospitality Management; Interior Design र Fashion Design जस्ता कार्यक्रम तथा विषयहरूको पठन-पाठनको शुरुवात नेपालमा सर्व प्रथम विदेशी विश्वविद्यालयको सम्बन्धन प्राप्त कलेजहरूले नै गरेका हुन् ।

हाम्रो देशमा अहिले सूचना-प्रविधि (आईटी) उद्योगहरू विस्तार भइरहेका छन् । गत आर्थिक वर्षमा मात्रै नेपालबाट सूचना-प्रविधि सेवा र प्रोडक्टहरू निर्यात गरेर ६७ अर्ब रुपैयाँभन्दा बढी आम्दानी गरेको इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज IIDSले गरेको अध्ययनले देखाएको छ। सूचना-प्रविधि सेवा निर्यातबाट देशको कुल गार्हस्थ्य उत्पादनमा १.४ र वैदेशिक मुद्रा सञ्चितिमा ५.५ प्रतिशत योगदान गरेको देखिन्छ। नेपालमा सूचना-प्रविधि क्षेत्रका उद्योगहरूको विकास र विस्तारका साथै नवप्रवर्तन, उद्यमशीलता र स्टार्टअप इकोसिस्टम विकास गर्दै सोचलाई व्यवसायमा रूपान्तरण गर्न विजनेस इन्क्युबेसन सेन्टर (Business Incubation Center) सञ्चालन गर्ने काममा विदेशी विश्वविद्यालयहरूको सम्बन्धनमा सञ्चालित कलेजहरूको प्रत्यक्ष/परोक्ष रुपमा योगदान रहेको छ ।

विदेशी विश्वविद्यालयहरूको सम्बन्धमा नेपालमा कलेजहरू सञ्चालनहुँदा Knowledge & Technology Transfer हुनुका साथ-साथै नेपाली प्राध्यापकहरूको शिक्षण कला र सिकाईमा पनि अभिवृद्धि भएको छ । हाम्रा ग्र्याजुयटहरू–खास गरेर सूचना-प्रविधि (आईटी), म्यानेजमेन्ट, होटेलम्यानेजमेन्ट र फेसन डिजाईनका क्षेत्रमा विश्व बजारमा अब्बल/प्रतिस्पर्धी देखिएका छन् ।

श्रीमान् संयोजकज्यू,

हाम्रो देशबाट ५० को दशकसम्ममा पनि ठुलो संख्यामा विद्यालय शिक्षा अध्ययनका लागि हाम्रा अग्रजहरू हाम्रो छिमेकी देश भारतको पश्चिम वंगाल, दार्जिलिङ, सिक्किम, देहरादुन, नैनीताल र अन्य सिमावर्ती क्षेत्रहरू जाने गर्नुहुन्थ्यो । नेपालमा निजी विद्यालयहरूको स्थापना र विस्तारले गर्दा आज हाम्रा नानी बाबुहरू अत्यन्तै नगन्य संख्यामा मात्रै अध्ययनका लागि भारतमा जाने गर्दछन् । निजी विद्यालयहरूका कारण आज हाम्रो विद्यालय शिक्षा आत्मनिर्भर रहने अवस्थामा पुगेको छ ।

उच्च शिक्षामा अहिले, विद्यालय शिक्षा हासिल गर्न पहिले भारतमा जाने ट्रेण्ड भन्दा डर लाग्दो अवस्था सिर्जना भएको छ । हिजो निजी विद्यालयको जस्तो भूमिकामा जस्तै आज इन्टरनेशनल एजुकेशन प्रोभाइडर्स एसोसिएसन अफ नेपाल–आइप्यान आबद्ध शिक्षण संस्थाहरू रहेका छन् । हामीले गुणस्तरीय शिक्षा हासिल गर्नका लागि विदेशीन चाहने युवाहरूलाई प्रत्येक वर्ष उल्लेख्य संख्यमा नेपालमा रोकिरहेका छौं । हामीले भविष्यमा अध्ययनका लागि विदेशी भन्दा हाम्रो देशमा अध्ययन गर्न आउनेको संख्या वृद्धि गर्ने दिशामा समेत काम गरिरहेका छौं । तर, हाम्रो देशबाट अहिले जुन संख्यामा युवा/विद्यार्थीहरूको भईरहेको छ यो निकै गम्भीर विषय हो ।

गत आर्थिक वर्ष २०८०/०८१ मा हाम्रो समग्र शिक्षाको बजेट १ खर्ब ९७ अर्ब २९ करोड रहेको छ। यो रकम हाम्रो जिडिपी (GDP) को करिब ३.६५ प्रतिशत, कुल बजेटको ११.२६ प्रतिशत हो। जस मध्ये समग्र उच्च शिक्षाको बजेट कुल शिक्षा क्षेत्रको बजेटको १०.८ प्रतिशत रहेको छ जस अनुसार करिब २१ अर्ब ३० करोड रहेको छ। उक्त रकम (GDP) को करिब ०.३८ प्रतिशत हो। तर, उदाहरणका रुपमा अमेरिका दुई विश्व प्रसिद्ध विश्वविद्यालयहरूलाई लिँदा एमआईटी (Massachusetts Institute of Technology-MIT) को सन् २०२३ को बजेट ६ खर्ब थियो अर्थात हाम्रो कुल बजेटको करिब ३५ प्रशित र हावर्ड विश्वविद्यालय (Harvard University)को बजेट ८ खर्ब ११ अर्ब थियो अर्थात हाम्रो कुल बजेटको करिब ४६ प्रतिशत हो। दुवै Private non-profit विश्वविद्यालयहरू हुन। यसबाट प्रष्ट हुन्छ उच्च शिक्षामा हाम्रो लगानीको अवस्था। हामीले समग्र शिक्षामा गर्ने लगानी अप्रयाप्त त छ नै उच्चशिक्षा मा गर्ने लगानीको कुरा गर्दा त्यो अत्यन्तै न्यून रहेको छ। सरकारको लगानी क्षमताको आभावमा कारण उच्च शिक्षामा गुणस्तर सुधारका लागि काम गर्नै नसक्ने अवस्था सिर्जना भएको छ। निजी स्तरबाट केही पहल भएका छन् त्यसमा हाम्रो संस्था आबद्ध कलेजहरूले निजी लगानीमा गुणस्तरीय शिक्षा प्रदान गरेर केही हदसम्ममा योगदान गरिरहेका छन्।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०७९/८० मा मात्र १ लाख १० हजार दुई सय १७ युवाहरूले उच्च शिक्षा हासिल गर्न विदेश जानको लागी No Objection Letter लिएका थिए। अध्यागमन विभागका अनुसार १ लाख ८ हजार पाँच सय ४२ युवाहरू अध्ययनका लागि विदेशीएका छन्। यसरी युवाहरू अध्ययनका लागि विदेश जाँदा औपचारिक माध्ययबाट मात्र गत आर्थिक वर्षमा १ खर्ब ४२ करोड रकम देशबाट बाहिएको छ। अनौपचारिक माध्ययमबाट त त्यसको ३/४ गुणा बढी रकम बाहिरिएको अनुमान गर्न सकिन्छ। विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपाल सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूको शिक्षण शुल्क, परिक्षा शुल्क र विश्वविद्यालय रजिष्ट्रेशन शुल्क वापत गत आर्थिक वर्षमा करिब १ अर्ब १० करोड रुपैयाँ भुक्तानी भएको छ। जुन हाम्रो देशबाट उच्च शिक्षाका लागि विदेशीने कुल रकमको १ प्रतिशत भन्दा केही बढी हो। उल्लिखित संख्यामा छिमेकी मुलुक भारतमा गएर अध्ययन गर्ने विद्यार्थीहरूको संख्या समावेश गरिएको छैन। भारत सरकारका अनुसार त्यहाँ अध्ययन गर्ने विदेशी विद्यार्थीमा संख्याका हिसावले नेपाल पहिलो स्थानमा पर्दछ।

अध्यागमन विभागका अनुसार सन् २०२३ मा मात्र १६ लाख ३ हजार आठ सय ३६ जना नेपाली विदेशीएका छन्। त्यस मध्ये करिब ७१ हजार जना नेपाली त स्थायी बसोबास गर्न विदेश गएका छन् र ९१ हजार तीन सय ४९ जनाले अस्थायी बसोबासका लागि विदेशीएका छन्। विदेशमा रहेका आफ्नो परिवार भेट्न १ लाख ६७ हजार चार सय ८५ जना गएको विभागको तथ्यांकमा उल्लेख छ। ८ लाख ८ हजार ४१५ जना रोजगारीका श्रम स्वीकृति लिएर विदेश गएका हुन्। अध्यागमन विभागको तथ्यांक अनुसार विदेश जानेमध्ये आधा नेपाली रोजगारी बाहेकका कारणले विदेशी रहेका छन्। अध्ययन र स्थायी तथा अस्थायी बसोबास र अध्ययनका लागि बाहिरिने मध्ये अधिकांश नेपाल फर्कदैनन्। विदेशमा रहेका आफ्नो परिवार भेट्न जानेहरू मध्ये पनि ठुलो संख्या नेपाल फर्कदैनन्। यसरी हेर्दा हाम्रो देशबाट कुनै न कुनै उपाय गरेर करिब ३ लाख मानिसहरू हरेक वर्ष देश छोडिरहेका छन्। उपर्युक्त संख्यमा भारतको बाटो भएर तेस्रो मुलुक जानेको विवरण उल्लेख गरिएको छैन।

सन् २०२३ को हाम्रो जनसंख्या वृद्धि दर ०.९२ प्रतिशत रहेको छ। यसरी हेर्दा हाम्रो जनसंख्याको वृद्धि दर देश छोड्ने नागरिकको संख्या वरावर जस्तै छ। हाल कायम रहेको जनसंख्यालाई कायम राख्न पनि जनसंख्या वृद्धि २.११ प्रतिशत हुनु पर्दछ।

अध्ययन, रोजगारी र अस्थायी/स्थायी आवासीय अनुमति प्राप्त गरी नेपालबाट वर्षेनी लाखौं युवाहरूले देश छोड्दा नेपालका शिक्षण संस्थाहरूले विद्यार्थीहरू नपाउने तथा नेपालको श्रम बजारमा पनि जनशक्तिको अभाव भईरहेको छ। विदेशीने मध्य ७० प्रतिशत भन्दा बढी ४० वर्ष मुनिका व्यक्ति छन्। ती हाम्रो देशको उत्पादन मुलक जनशक्ति मात्र होइन प्रजनन्न क्षमता (रिप्रडक्टिभ) भएका जनशक्ति पनि हुन्। यस्तो जनशक्तिको पलायनले गर्दा देशमा प्रौढ र बुढापाका मात्रै रहने अवस्था सिर्जना भएको छ र यस्तो खाले जनसाङ्ख्यिक असुन्तलनले हाम्रो देशलाई दीर्घकालमा असर गर्छ भन्नेमा हामी गम्भीर हुनुपर्ने वेला आएको छ।

**अध्ययनका लागि विदेश जाने नेपाली विद्यार्थीहरूले भोगिरहेका समस्याहरू:**

विभिन्न समयमा गरिएका अध्ययन-अनुसन्धानबाट के तथ्यहरू फेला परेको छ भने-गुणस्तरीय शिक्षाको खोजीमा विकसित मुलुकहरूमा जाने विद्यार्थीहरू मध्येमा करिब ७० प्रतिशतले जुन विषय वा तहमा पढ्न गएका हुन त्यो विषय वा तह पुरा नै गर्दैनन्। तोकेबमोजिमको विषय वा तहको अध्ययनलाई निरन्तरता दिनेहरू मध्ये पनि अधिकांशले आर्थिक समस्याका कारणले आफ्नो अध्ययन नै पुरा गर्न सक्दैनन्। थोरै संख्याले मात्र आफ्नो अध्ययन पुरा गर्दछन्, तिनीहरूले पनि समयमा नै अध्ययन पुरा गर्न सक्दैनन्। अध्ययनका साथ-साथै रोजगारीको अभिलाषा सहित त्यहाँ पुगेका युवाहरू मध्ये विरलैले मात्र आफ्नो योग्यता अनुसारको काम पाउँछन्। बाँकी सबैले सामान्य निरक्षर व्यक्तिहरूले गर्ने (मजदुर वर्गले) स्तरको काम गर्न बाध्य छन्। क्यानडामा अध्ययनका लागि गएका विद्यार्थीहरूले बस्नको लागि कोठा समेत

नपाएर सडक र पार्कमा अलपत्र अवस्थामा रहेका छन् । अन्य देशमा जानेहरू मध्ये पनि अधिकांशले कुनै न कुनै किसिमका समस्या र शोषणहरूको सामना गरिरहनु परेको छ । युवा-विद्यार्थीहरूको पलायनले हामीले हाम्रो देशमा आर्थिक, पारिवारिक, समाजिक तथा सांस्कृतिक लगायतका विभिन्न खाले समस्याहरूको सामना गर्नु पर्ने अवस्था सिर्जना हुदैंछ । त्यसैले हामी सबै सचेत भएर नेपालबाट युवा पलायनलाई रोक्नै पर्छ । सरकारको यसमा विशेष ध्यान पुगनुपर्छ भन्ने हाम्रो विशेष अनुरोध छ । प्रत्येक वर्ष हजारौंको सङ्ख्यामा युवाहरू अध्ययनका लागि देशबाट पलायन हूँदा हामीले निम्नानुसारका समस्याहरू भोगिरहेका छौं:

- आर्थिक रुपमा सक्षम र औसत भन्दा राम्रो पढाई भएका राम्रो सम्भावना बोकेका युवाहरू हाम्रो देशबाट विदेशीरहेका छन् । जसले गर्दा मानवपुँजीका साथ-साथै हरेक वर्ष अरबौं रकम समेत बाहिरिरहेको छ ।

- युवाहरूको पलायनका कारण नेपाली विश्वविद्यालयहरू र शिक्षण संस्थाहरूले विद्यार्थी नै पाउन छोडेका छन् । विदेशमा गएकाहरू पनि अधिकांशले नेपालका शिक्षण संस्थाहरूको भन्दा कम गुणस्तरका शिक्षण संस्थामा अध्ययन गरिरहेका छन् । धेरै त Academic भन्दा पनि Vocational कोर्सहरू र भाषा अध्ययन गरिरहेका छन् । जसका कारण उनीहरूको दीर्घकालिन Career Growth मा पनि समस्या आउँछ ।

- नेपालको श्रम बजारले सक्षम युवाहरूको अभाव भोगीरहेको छ । उद्योग व्यवसायको विस्तारका लागि आवश्यक जनशक्तिको अभाव भईरहेको छ । जसले गर्दा उत्पादनमा मात्रै होईन उपभोगमा समेत ह्रास आईरहेको छ ।

- युवाहरूको पलायनका कारण नवप्रवर्तन, उद्यमशीलता र स्टार्टअप इकोसिस्टमको विकास र विस्तारमा अवरोध सिर्जना भईरहेको छ ।

- एउटा युवालाई हुर्काउँदा तथा कक्षा १२ सम्ममा पढाउँदा राज्य र अभिभावको सरदर २५ लाख रूपैयाँ लगानी भएको हुन्छ । हुर्की सकेर परिवार, समाज र देशका लागि योगदान गर्नसक्ने अवस्थाका हजारौं युवाहरू देशबाट पलायनहुँदा दीर्घकालिन रुपमा देशलाई नोक्सानीको हिसाव किताव नै छैन ।

- आर्थिक अवस्था कमजोरहुने परिवारका युवाहरू आफ्नो सम्पूर्ण सम्पत्ति बैंकमा धितो राखी ऋण लिएर विदेशिएका हुन्छन् । उता तिनीहरूले आफै कमाएर अध्ययन शुल्क पनि तिर्न सक्दैनन् । यता बैंकको ऋण तिर्न नसक्दा बैंकहरूले सम्पत्ति लिलामी गर्दा परिवारको बिचल्ली भईरहेको छ ।

- यहाँ आमाबुवा तथा विदेशमा छोराछोरी दुबैमा एक्लोपन बढ्दो छ । मुलतः आर्थिक समस्याका साथै परिवारबाट टाढाहुँदा कयौं युवाहरू डिप्रेशनको सिकार भएका छन् र आत्माहत्या गर्नेको सङ्ख्यामा पनि वृद्धि भईरहेको छ । युवाहरू पलायनहुँदा अधिकांशका आमाबुवा बिरामी हुँदा अस्पताल पुऱ्याउने वा हेरविचार गर्ने समेत कोही छैनन् ।

श्रीमान् संयोजकज्यू,

युवा/विद्यार्थीहरूको पलायनका कारण सिर्जित समस्या समाधानका लागि आइप्यानको तर्फबाट हामीले **'स्टडी इन नेपाल'** अवधारणा अगाडि सारेका छौं । त्यसका लागि नेपालका शिक्षण संस्थामा अध्ययन गर्न चाहने विदेशी विद्यार्थीलाई अध्ययन भिसा सहज प्रदानगर्ने, नेपाल अध्ययन गर्ने नेपाली विद्यार्थीलाई उच्च शिक्षाका लागि सहुलियत शैक्षिक कर्जा प्रदान गर्ने र असमान ढंगले निर्धारित कर प्रणालीमा सुधार गर्ने सम्बन्धमा आइप्यानको तर्फबाट निम्नानुसार अवधारणा प्रस्तुत गर्दछौं ।

**१. स्टडी इन नेपालको अवधारणाः**

हाम्रो संस्था–इन्टरनेशनल एजुकेशन प्रोभाइडर्स एसोसिएसन अफ नेपाल (आइप्यान)ले नेपाललाई दक्षिण एशियाकै प्रमुख शैक्षिक गन्तव्यको रुपमा विकास गर्नकालागि **स्टडी इन नेपाल**को अवधारणा ल्याएको छ । जस अन्तर्गत देश भित्र विभिन्न स्थानहरू **'Study in Nepal, Stay in Nepal'** **'नेपाल मै पढौं, नेपाल मै बसौं'** भन्ने मुल नारासहितको **IEPAN Study in Nepal Expo** आयोजना गर्ने छ । नेपालबाट हरेक वर्ष हजारौंको सङ्ख्यामा उच्च शिक्षा हासिल गर्न विदेशीने युवाहरूलाई स्वदेश मै अध्ययन गर्ने वातावरण सिर्जना गर्न नेपाली विद्यार्थीहरूका बिचमा विभिन्न देशका विश्व प्रसिद्ध विश्वविद्यालयहरूका डिग्री नेपालमै प्राप्त गर्न सकिन्छ भन्ने विषयको जानकारी गराउने छ ।

विदेशी विद्यार्थीहरूलाई अध्ययनका लागि नेपालमा ल्याउन अहिले उपयुक्त वातावरण सिर्जना भएको छ । हाम्रो देशमा धेरै पहिलेदेखि नै नेपाललाई **'शैक्षिक हब'** बनाउने विषयमा वहस पनि हुँदै आएको छ । तर, शैक्षिक हब बनाउनका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने कुराको

ग्यारेन्टी गर्नु जरुरी थियो । हाल आएर नेपालमा अमेरिका, बेलायत, स्विजरल्याण्ड, अष्ट्रिया, पोल्याण्ड, मलेसिया, थाईल्याण्ड लगायतका देशका विश्वविद्यालयहरूको सम्बन्धनमा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूको संख्या ५९ पुगेको छ । नेपालमा विश्वस्तरका विश्वविद्यालयहरूको डिग्री प्राप्त गर्ने अवसर पाउँदा विभिन्न देशबाट विद्यार्थीहरू नेपालमा अध्ययनका लागि आउन लालायितहुने हामीलाई विश्वास छ। नेपालमा आएर सर्वसुलभ शुल्कमा अन्तर्राष्ट्रिय स्तरको शिक्षा पाउनुका साथ-साथै हाम्रो देशको हावा पानी, भौगोलिक सुन्दरता, समाजिक सद्भाव, कुनै पनि धर्म वा जातीका मान्छेलाई भेद्भाव नगर्ने हाम्रो संस्कार आदिको कारण पनि विदेशी विद्यार्थीहरूको रोजाइमा हाम्रो देश पर्नेछ भन्ने हाम्रो विश्वास छ।

हाम्रो संस्थाले मुलतः हाम्रो देशसँग सिमा जोडिएका भारतका विभिन्न राज्यहरूका साथै नेपालीभाषी वाहुल्य रहेका स्थानहरूमा; दक्षिण एसियाली देशहरूमा बाङ्गलादेश, पाकिस्तान र भुटानमा; दक्षिणपूर्व एसियाली देश म्यानमार, इडोनेसिया तथा कम्बोडियामा र अफ्रिकन देशहरूमा 'Study in Nepal' Campaign सञ्चालन गर्ने कार्ययोजना अगाडी सारेको छ । ती देशहरूमा सञ्चालनहुने एजुकेशन फेयरहरूमा भाग लिने छ र त्यहाँका विद्यार्थीहरूलाई अध्ययनका लागि नेपाल ल्याउन पहल गर्नेछ ।

**<u>विदेशी विद्यार्थी अध्ययनका लागि नेपालमा आउँदा पर्ने सकारात्मक प्रभावहरू:</u>**

विदेशी विद्यार्थी अध्ययनका लागि नेपालमा आउँदा नेपालको अर्थतन्त्रमा त प्रत्यक्ष प्रभाव पार्छ नै त्यो भन्दा पनि सकारात्मक प्रभाव नेपाली युवाहरूमा पर्नेछ । विदेशी विद्यार्थीहरू अध्ययनका लागि नेपालमा आउँछन् भने हामी किन विदेश जाने भन्ने मनोविज्ञानको विकास हुनेछ । यो नै नेपालको विकास र समृद्धिको लागि एउटा टर्निङ प्वाईन्ट हुनेछ । यसबाट हाम्रो देशको पर्यटन क्षेत्रको विकास एवम् विस्तारका साथ-साथै देशको अन्तर्राष्ट्रिय छविमा पनि सकारात्मक प्रभाव पर्नेछ । यसका साथै अन्य सकारात्मक प्रभावहरूलाई निम्नानुसार लिपिवद्ध गर्न सकिन्छ ।

- नेपालका शिक्षण संस्थाहरूले भोगी रहेको विद्यार्थी अभावको समस्या समाधान हुने छ ।
- शिक्षाको लागि रहेका वर्ष देशबाट अरबौं रूपैयाँ विदेशी रहेको परिप्रेक्षमा विदेशबाट शिक्षाका लागि नै रकम भित्रिने छ र क्रमशः बाहिरिने भन्दा भित्रिने रकम बढ्नेछ । शिक्षा क्षेत्र पनि विदेशी मुद्रा आर्जन गर्ने एउटा महत्वपूर्ण क्षेत्र हुने छ ।
- राज्यको शुन्य लगानीमा नेपालका पर्यटकीय क्षेत्रहरूको प्रचार प्रसार हुनेछ । पर्यटन क्षेत्रको विकास र विस्तारमा सकारात्मक प्रभाव पार्ने छ ।
- उर्जावान तथा उत्पादनशील युवा जनशक्तिको पलायन रोकिनुका साथ-साथै नेपालको श्रम बजारले सामना गरिरहेको श्रमशक्तिको अभावको अन्त्य हुनेछ । उद्योग व्यवसायको विस्तार एवम् उत्पादनमा वृद्धि र रोजगारीहरूको सिर्जना हुने छ ।
- युवा पलायनका कारण हामीले ब्यहोर्नु परिरहेको पारिवारिक, समाजिक तथा आर्थिक समस्याहरूको समाधान हुने छ ।
- नवयुवाहरूको पलायन रोकिदा नवप्रवर्तन, उद्यमशीलता र स्टार्टअप इकोसिस्टमको विकास र विस्तारमा सकारात्मक योगदान पुग्ने छ ।

विदेशी विद्यार्थीहरूलाई अध्ययनका लागि नेपालमा ल्याउन सहजीकरण तथा कानुनी प्रवन्ध गर्नका लागि एक अधिकार सम्पन्न निकायको अवश्यकता पर्छ । त्यसका लागि स्टडी इन नेपाल बोर्ड गठन गर्नु उपयुक्त हुन्छ ।

**<u>स्टडी इन नेपाल बोर्ड गठन र डेस्क स्थापना सम्बन्धनमा :</u>**

- शिक्षा मन्त्रालयका सचिवज्यूको नेतृत्वमा, गृह, अर्थ, परराष्ट्र, कानुन र श्रम मन्त्रालयका प्रतिनिधिहरू, राष्ट्रिय योजना आयोगका प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोगका प्रतिनिधि, नेपालका केन्द्रीय विश्वविद्यालयका प्रतिनिधिहरू र FNCCI, CNI, NCC, IEPAN का अध्यक्षहरू पदेन सदस्य तथा शिक्षा मन्त्रालयको उच्च शिक्षा हेर्ने सहसचिव सदस्य सचिव रहने गरी STUDY IN NEPAL बोर्डको स्थापना गर्ने,
- बोर्डले कार्यविधि बनाएर अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना गर्नका लागि शैक्षिक तथा भौतिक पुर्वाधारहरूको अनुगमन गरेर विदेशी विद्यार्थी भर्ना गर्नका लागि नेपालका शिक्षण संस्थाहरूलाई अनुमती दिने,
- अन्तर्राष्ट्रिय विद्यार्थीहरूको नेपाल बसाई र पार्ट टाईम काम गर्ने व्यवस्थाका लागि श्रम तथा अन्य कानुनहरूमा आवश्यक संशोधनका लागि पहल गर्ने,

- पर्यटन प्रहरीको व्यवस्था गरे जस्तै अन्तर्राष्ट्रिय विद्यार्थीहरूको सुरक्षा लागि छुट्टै प्रहरी शेलको स्थापना गर्ने र उनीहरूका गुनासा सुन्न तथा भइपरि आँउदा द्रुत सेवा दिने संयन्त्र बनाउने ।
- नेपाली शिक्षण संस्थाहरू अन्तर्राष्ट्रिय एक्स्पोहरूमा भाग लिन जाँदा ती देशमा रहेका हाम्रा नियोगहरू मार्फत आवश्यक समन्वय तथा सहजीकरण गर्नका लागि प्रबन्ध गर्ने ।
- दैनिक कार्य सञ्चालनका लागि शिक्षा मन्त्रालयमा STUDY IN NEPAL डेस्कको स्थापना गर्ने,

२. अध्ययन भिसा सम्बन्धमाः

हाम्रो देशले अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई भिसा दिने प्रक्रिया अत्यन्तै अव्यवहारिक बनाएको छ । जसका कारण नेपाललाई शिक्षाको हब बनाउन सक्ने अवसर गुम्ने खतरा छ । साथै यो अभियानमा लाग्नेहरूको मेहनत पनि खेर जाने अवस्था सिर्जना भएको छ । तसर्थ, नेपालमा अध्ययनका लागि आउन चाहने विदेशी विद्यार्थीहरूले सम्बन्धित देशमा रहेका हाम्रा नियोगहरूबाट वा अनलाईनका माध्यमबाट अध्ययन भिसा प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनका लागि अध्यागमन नियमावली २०५१ लाई संशोधन गर्न आवश्यक रहेको छ ।

अध्ययन भिसा प्रदान गर्ने प्रक्रियालाई सहज बनाए **उच्च शिक्षा तर्फ–व्यवस्थापन, सूचना-प्रविधि, मेडिसन, इञ्जिनियरिङ, होटेल म्यानेजमेन्ट, माउन्टेनेरिङ्ग, पर्यटन, वन व्यवस्थापन, कला-संस्कृति, वास्तुकला, बौद्ध दर्शन, आयुर्वेदा, यौगिक साइन्स र संस्कृतलगायतका विषयका साथै ए–लेभल तथा आईबी डिप्लोमा** पनि अध्ययन गर्न विदेशी विद्यार्थीहरू नेपाल आउने छन् । सुरुवाती दिनमा सानो सङ्ख्यामा आए पनि क्रमशः नेपाललाई दक्षिण एशियाकै शैक्षिक हबका रुपमा स्थापित गर्न सकिन्छ ।

<u>अध्ययन भिसा प्रदान गर्ने हालको कानुनी व्यवस्थाः</u>

अध्यागमन नियमावली, २०५१ (पाँचौ संशोधन, २०६४) को नियम ७ मा नेपालको कुनै शिक्षण संस्थामा अध्ययन, अध्यापन वा अनुसन्धान गर्न आउने विदेशीहरू, तिनका परिवारलाई अध्ययन भिसा दिने व्यवस्था छ । हाल अध्ययन भिसाका लागि तपशिलका प्रक्रियाहरू पुरा गर्नुपर्छ ।

- नेपालका शिक्षण संस्थामा अध्ययन गर्न चाहने (भारत बाहेकका) व्यक्तिले सर्व प्रथम नेपालको प्रवेश विन्दुमा आएर अध्यागमन कार्यालयबाट पर्यटक भिसा लिनुपर्छ ।
- पर्यटक भिसामा नेपाल प्रवेश गरे पश्चात आफुले अध्ययन गर्न चाहेको शिक्षण संस्थामा एक वर्षको शुल्क बुझाएर भर्ना गर्ने ।
- भर्ना भएको रसिद र सम्बन्धित शिक्षण संस्थाको सिफारिससहित अध्ययन भिसा सिफारिसका लागि शिक्षा मन्त्रालयमा निवेदन दिने ।
- जुन देशको विद्यार्थी हो सोही देशको सरकारबाट विदेश अध्ययन गर्नको लागि जारी भएको NOC लेटरसमेत पेश गर्नु पर्ने ।
- सार्क राष्ट्र बाहेकका देशबाट अध्ययनका लागि नेपाल आउने व्यक्तिले वार्षिक न्यूनतम तीन हजार अमेरिकी डलर, निजका परिवारको हकमा थप दुई हजार अमेरिकी डलर वा सो वरावरको नेपाली मुद्रा खर्च गर्न सक्ने आधिकारिक स्रोत वा सो बराबरको नेपाली मुद्रा स्थानीय बैंकमा मौज्दात रहेको कागजात पेश गर्नु पर्ने ।
- विद्यार्थीको बायोडाटा, पासपोर्ट, जुन तहको अध्ययन गर्ने हो त्यो भन्दा तल्लोतहको अध्ययन पुरा गरेका शैक्षिक प्रमाणहरूको प्रमाणित प्रतिलिपिहरूसहित तोकेबमोजिमको ढाँचामा निवेदन दिने ।
- उपरोक्त प्रक्रिया पुरा गरे पछि अध्यागमन विभागका महानिर्देशकले प्राविधिक विषयमा बाहेक एक पटकमा एक वर्षका लागि अध्ययन भिसा प्रदान गर्ने ।

<u>अध्ययन भिसा सहज प्रदान गर्न मिलाउनुपर्ने कानुनी व्यवस्थाः</u>

- अध्यागमन नियमावली, २०५१ लाई संशोधन गरेर विदेश स्थित नेपाली नियोगबाट नै अन्तर्राष्ट्रिय विद्यार्थी भर्नाका लागि अनुमति प्राप्त शिक्षण संस्थामा भर्ना भए पश्चात सम्बन्धित शिक्षण संस्थाको सिफारिसमा आवश्यक प्रक्रिया पुरा गरेर अध्ययन भिसा दिने

व्यवस्था गर्ने, वा उल्लेखित प्रक्रिया पुरा गरे पश्चात अनलाईन आवेदन लिएर अनलाईनबाटै अध्ययनका लागि ई-भिसा प्रदान गर्ने ।

- प्राविधिक विषयमा बाहेक एक पटकमा एक वर्षका लागि अध्ययन भिसा प्रदान गर्ने व्यवस्थालाई परिवर्तन गरेर सबै विषयमा अध्ययन (शैक्षिक उपाधि) अवधिसम्मको लागि भिसा दिने कानुनी व्यवस्था गर्ने ।
- अध्ययन भिसा शुल्क प्रति वर्ष एक सय अमेरिकी डलर रहेको छ । सकेसम्म निःशुल्क अध्ययन भिसा दिने व्यवस्था गर्ने ।
- अध्यागमन नियमावली, २०५१ (पाँचौ संशोधन, २०६४) को नियम ७ को उपनियम १ मा नेपालको कुनै शिक्षण संस्थामा अध्ययन, अध्यापन वा अनुसन्धान गर्न आउने विदेशीहरू, तिनका परिवारलाई अध्ययन भिसा दिइने छ भन्ने व्यवस्था भए पनि व्यवहारमा नेपालमा अध्यापन गर्न आउने विदेशीहरू, तिनका परिवारलाई भिसा दिने प्रक्रिया अत्यन्तै झन्झटिलो छ । यसलाई सहज बनाई सम्बन्धित शिक्षण संस्थाको सिफारिसमा (एकद्वारा प्रणालीबाट) भिसादिने व्यवस्था गर्ने ।

**३. सहुलियत शैक्षिक कर्जा उपलब्ध गराउने सम्बन्धमा:**

अध्ययनका लागि नेपालबाट विद्यार्थीहरू विदेशिनुका विभिन्न कारणहरू मध्ये सबै भन्दा प्रमुख कारण भनेको हाम्रो देशका बैंक तथा वित्तीय संस्थाहरूले विदेश अध्ययन गर्न जानका लागि सहज कर्जा प्रदान गर्ने तर स्वदेशमा अध्ययन गर्न चाहनेका लागि शैक्षिक कर्जा दिन अनइच्छुक रहने प्रवृत्ति पनि हो । त्यसका लागि हाम्रो देशले शैक्षिक कर्जा सम्बन्धमा निम्नानुसार व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

(क) **नेपालमा सञ्चालित शिक्षण संस्थाहरूमा उच्च शिक्षा हासिल गर्नका लागि उपलब्ध गराउने सहुलियत शैक्षिक कर्जा सम्बन्धमा :**

- बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो कुल कर्जाको ३ प्रतिशत रकम स्वदेशमै उच्च शिक्षा हासिल गर्न चाहने युवाहरूलाई शैक्षिक कर्जाका रुपमा प्रदान गर्न छुट्याउने व्यवस्था गर्ने । हाललाई १.५ प्रतिशत रकम वरावरको कर्जा प्रवाहलाई अनिवार्य गर्दै क्रमशः ३ प्रतिशत रकम बराबरको कर्जा प्रवाहलाई अनिवार्य गर्ने ।
- शैक्षिक कर्जा प्रदान गर्दा शिक्षण शुल्कका साथ-साथै खाना बस्नको लागि लाग्ने अनुमानित रकमसमेतलाई पुग्ने गरी शैक्षिक कर्जा प्रदान गर्ने ।
- स्वदेशी शिक्षण संस्थामा उच्च शिक्षा हासिल गर्ने युवाहरूलाई बैंक तथा वित्तीय संस्थाहरू मार्फत प्रदान गर्ने शैक्षिक कर्जाको व्याजमा सरकारले ५० प्रतिशत सहुलीयत प्रदान गर्ने ।
- अध्ययन अवधिभर कर्जाको ब्याजलाई पूँजीकरण गरी अध्ययन पुरा भईसके पछिको दोस्रो वर्षबाट मात्रै सावाँब्याज भुक्तानीका लागि किस्ता प्रारम्भहुँने व्यवस्था गर्ने ।
- दलित, अल्पसंख्यक, पिछडिएको क्षेत्र, शहिद परिवार र गरिबीको रेखामुनि रहेका परिवारका सदस्यहरू (विद्यार्थी) लाई प्रदान गरिने शैक्षिक कर्जाको जमानी सरकार बसी दिने ।

(ख) **विदेशमा उच्च शिक्षा हासिल गर्नका लागि उपलब्ध गराइने शैक्षिक कर्जा सम्बन्धमा :**

- उच्च शिक्षा हासिल गर्न विदेश जाने विद्यार्थीहरूको हकमा स्वदेशीमा सञ्चालित शिक्षण संस्थामा उच्च शिक्षा हासिल गर्ने युवाहरूलाई प्रदान गरेको कुल कर्जा रकमको ५० प्रतिशत भन्दा बढी कर्जा प्रवाह गर्न नपाइने व्यवस्था गर्ने ।
- कर्जाको धितो मुल्याङ्कन गरी कर्जा प्रवाह गर्दा FMV को ५० प्रतिशत भन्दा बढी कर्जा प्रवाह गर्न नपाउने व्यवस्था गर्ने ।
- विदेश अध्ययनका लागि शैक्षिक कर्जा प्रदान गर्दा शिक्षण शुल्कको ५० प्रतिशत भन्दा बढी कर्जा प्रवाह गर्न नपाउने व्यवस्था गर्ने ।
- आयस्रोत पेश गर्दा कर चुक्ता गरेको प्रमाण-पत्र पेश गर्ने व्यवस्था अनिवार्य गर्ने ।
- विदेशी मुद्रा सटही सुविधा दिँदा आयस्रोत खुल्ने कागजात र कर चुक्ता गरेको प्रमाण-पत्र पेश गनु पर्ने व्यवस्थालाई अनिवार्य गर्ने ।

**४. विदेशी मुद्रा सटहीमा निर्धारण गरेको असमान करका सम्बन्धमा:**

- आर्थिक ऐन २०८० को दफा ८ को उपदफा १ मा–'विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई शिक्षण शुल्क वापत विदेशी मुद्राको सटही सुविधा दिँदा त्यस्तो सटही रकममा **तीन प्रतिशत** शिक्षा सेवा शुल्क लगाइने र असुल गरिनेछ' भन्ने कानूनी व्यवस्था रहेको छ ।
- आर्थिक ऐन, २०७८ ले आयकर ऐन, २०५८ को दफा ८८ लाई संशोधन गर्दै उपदफा (१) मा खण्ड (११) थप गरि "विदेशी विद्यालय वा विश्वविद्यालयलाई रजिष्ट्रेशन शुल्क, शिक्षण शुल्क तथा परीक्षा शुल्क बापतको रकम गर्दा भुक्तानी रकमको **पाँच प्रतिशतका** दरले" कर कट्टी गर्नु पर्ने कानूनी व्यवस्था गरेको छ ।

उल्लिखित कानूनी व्यवस्था अनुसार विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई शिक्षण शुल्क वापत विदेशी मुद्राको सटही सुविधा दिँदा **तीन प्रतिशत** शिक्षा सेवा शुल्क असुल गरिन्छ । तर, विदेशी विश्वविद्यालयको सम्बन्धनमा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुमतीमा स्वदेशमा सञ्चालित शैक्षिक संस्थाहरूमा अध्ययनरत विद्यार्थीहरूको विश्वविद्यालय रजिष्ट्रशन शुल्क, शिक्षण शुल्क तथा परिक्षा शुल्क वापतको रकम भुक्तानी गर्दा **पाँच प्रतिशत**का दरले नेपाल सरकारले कर असुली गरिरहेको छ ।

उल्लिखित कानूनी व्यवस्था कायम रहे नेपालको संविधानको धारा १८(१) ले प्रत्याभुत गरेको ***'सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणवाट बञ्चित गरिने छैन ।'*** भन्ने मौलिक हकको प्रतिकूल हुन जाने साथै धारा ३१ ले प्रत्याभूत गरेको शिक्षा सम्बन्धी हक तथा सो मौलिकहकलाई कार्यान्वयन गर्न बनेको "अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५"को प्रस्तावनामा उल्लेखित ***'शिक्षामा सबैको सहज एवं समानतामुलक पहुँच र निरन्तरता सुनिश्चित गर्न तथा शिक्षालाई सर्वव्यापी, जिवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउनका लागि'*** भन्ने उद्देश्यमा समेत गम्भीर असर पुग्ने गरी समान तहका विद्यार्थीलाई स्वदेशमा र विदेशमा अध्ययन गर्दा असमान रुपले कर तथा शुल्क निर्धारण हुनपुगेको छ । अझ स्वदेशमा अध्ययन गर्नेलाई विदेशमा अध्ययन गर्न जाने भन्दा बढी कर सरकारले असुली रहेको छ । साथै, हालको कानूनी व्यवस्था कायम रहिरहेमा न्यूनतम शुल्कमा नेपालमा नै अन्तर्राष्ट्रिय स्तरको शिक्षा प्राप्त गर्नबाट नेपाली विद्यार्थीहरू बञ्चित हुनेछन् ।

### ५. NOC सम्बन्धमा:

विदेशमा अध्ययन गर्नका लागि जाने विद्यार्थीहरू प्रदान गर्ने NOCका सम्बन्धमा निम्नानुसार व्यवस्था गर्नु पर्दछ भन्ने हाम्रो सुझाव रहेको छ ।

- विश्व वरियतामा १ हजार भित्रका वा Global Accreditation प्राप्त शिक्षण संस्थाहरूमा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई मात्र NOC दिने व्यवस्था गर्ने,
- Vocational Education and Training (VET) र भाषा अध्ययनका लागि NOC नदिने ।
- विश्वभाषा क्याम्पसलाई नै स्रोतसाधन सम्पन्न गराएर प्रदेश स्तरमा विश्वभाषा क्याम्पस कै एक्सटेशन क्याम्पसहरू सञ्चालन गरेर भाषा प्रशिक्षण गर्ने दिने व्यवस्था गर्ने ।

श्रीमान् संयोजकज्यू,

देशबाट युवा/विद्यार्थीहरूको पलायन रोक्नका लागि श्रीमान् संयोजकज्यूले पनि सकारात्मक योगदान गर्नुहुनेमा हामी विश्वस्त छौं । हामीले उठाएका उपर्युक्त विषयहरूलाई मनन्गर्दै कार्यान्वयनका लागि शिक्षा मन्त्रालयहरूलाई सिफारिस गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

....................

लक्ष्मण के.सी.

अध्यक्ष, आईप्यान

**विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन सम्बन्धी निर्देशिका, २०५९मा तेश्रो संशोधन मार्फत समेट्नु पर्ने विषयहरू**

| विवरण | निर्देशिकाको रहेको हालको व्यवस्था | संशोधन समावेश गर्नुपर्ने | कारण |
|---|---|---|---|
| **प्रस्वावना :** | कुनै विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा स्नातक तह वा सो भन्दा माथिल्लो तहको शिक्षण संस्था सञ्चालन गर्ने कार्यलाई व्यवस्थित र नियन्त्रित गराउन वाञ्छनीय भएकोले यो निर्देशिका बनाई जारी गरेको छ। | विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएर नेपालमा स्नातक तह वा सो भन्दा माथिल्लो तहका शैक्षिक कार्यक्रमहरू र सम्बन्धित विषय वा संकायमा नै सम्बन्धन प्राप्त विश्वविद्यालयका छोटो अवधिका व्यवसायिक कोर्षहरू (Professional Certification Course) सञ्चालन गर्ने शिक्षण संस्थाहरूलाई व्यवस्थित गर्न/ गराउन वाञ्छनीय भएकोले यो निर्देशिका बनाई जारी गरेको छ। | संसारका उत्कृष्ट विश्वविद्यालयहरूले व्यवसायिक कोर्षहरू (Professional Certification Course) सञ्चालन गरिरहेका छन् त्यस्ता कार्यक्रमहरू हाम्रो देशमा पनि Working Professional हरूका लागि आवश्यक छ। हजारौंको संख्यामा नेपालीहरूले छोटो अवधिका कोर्षहरू अनलाइन माध्यमबाट अध्ययन गर्ने गरेको र करडौं रकम विदेशी रहेको अवस्था छ। |
| परिच्छेद-१, दफा २ परिभाषा (क) | "मन्त्रालय" भन्नाले शिक्षा मन्त्रालयलाई सम्झनुपर्दछ। | "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनुपर्दछ। | |
| परिच्छेद-१, दफा २ परिभाषा (ख) | "विदेशी शिक्षण संस्था" भन्नाले सम्बन्धित देशको प्रचलित कानून बमोजिम स्वीकृति/गुणस्तर सुनिश्चितता QAA / Accreditation प्राप्त गरेको विश्वविद्यालय वा शिक्षण संस्था सम्झनु पर्दछ। | "विदेशी शिक्षण संस्था" भन्नाले सम्बन्धित देशको प्रचलित कानून बमोजिम स्वीकृत/गुणस्तर सुनिश्चितता QAA / Regional Accreditation प्राप्त गरेका तथा University Ranking मा Times Higher Education; Shanghai Jiaotong Ranking; QS World University Ranking र US News & World Report Ranking को वरियतामा उत्कृष्ठ १००० (एकहजार) भित्र रहेका विश्वविद्यालयहरू | यस दफा र परिच्छेद-२, अनुमति सम्बन्धी व्यवस्थाको दफा ५ (ड) मा रहेको व्यवस्थामा QS World University Ranking र US News & World Report Ranking जस्ता विश्वविद्यालयहरूको Ranking गर्ने प्रतिष्ठित संस्थाहरू नभएकोले उपरोक्त व्यवस्था गर्नु उपयुक्त हुन्छ। |
| परिच्छेद-२, अनुमति सम्बन्धी व्यवस्थाको दफा ३ र ४ मा | **दफा ३ मा**–अनुमतिका लागि आवेदन गर्दा प्रत्येक कार्यक्रमका लागि **पाँच लाख रुपैयाँ** राजश्व दाखिला गर्नु पर्ने व्यवस्था रहेको र **दफा ४ मा**–अनुमति प्रदान गर्ने निर्णय भएका प्रत्येक कार्यक्रमका लागि थप **एक लाख रुपैयाँ** राजश्व दाखिला गर्नु पर्ने व्यवस्था रहेको | **दफा ३ मा**–अनुमतिका लागि आवेदन गर्दा प्रत्येक कार्यक्रमका लागि **एक लाख रुपैयाँ** राजश्व दाखिला गर्नु पर्ने गरी संशोधन गर्दा उपयुक्त हुन्छ।<br>**दफा ४ मा**–अनुमति प्रदान गर्ने निर्णय भएमा प्रत्येक कार्यक्रमका लागि थप **पाँच लाख रुपैयाँ** राजश्व दाखिला गर्नु पर्ने गरी संशोधन गर्दा उपयुक्त हुन्छ। | आवेदन र अनुमति शुल्क प्रचलित व्यवस्था भन्दा ठीक विपरित भएको। |
| परिच्छेद-२, अनुमति सम्बन्धी व्यवस्थाको दफा ५ (ड) मा | University Ranking सम्बन्धमा Times Higher Education र Shanghai Jiaotong Ranking को वरियतामा रहेका उत्कृष्ठ १००० (एकहजार) भित्र रहेका विश्वविद्यालयहरूका मात्र कार्यक्रम सञ्चालन गर्न दिने व्यवस्था रहेको | University Ranking सम्बन्धमा Times Higher Education; Shanghai Jiaotong Ranking; QS World University Ranking र US News & World Report Ranking को वरियतामा उत्कृष्ठ १००० (एकहजार) भित्र रहेका वा Regional Accreditation प्राप्त गरेका विश्वविद्यालयहरू भन्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ। | उच्च शिक्षाको गुणस्तर मापनका लागि सबै भन्दा उत्कृष्ट विधि **Accreditation** नै हो। संसार भर उत्कृष्ट विश्वविद्यालयहरूले भर्नाका बनाएका मापदण्डहरूमा नै Regionally **Accredited** विश्वविद्यालयबाट Graduated भन्ने मापदण्ड राखेका हुन्छन्। Regional Accreditation भनेको शिक्षामा Gold Standard लाई जनाउँछ। तसर्थ Regionally **Accredited** विश्वविद्यालयहरू भन्ने व्यवस्थालाई समेत समेट्नु उपयुक्त हुन्छ। |

| | | | |
|---|---|---|---|
| परिच्छेद-५ नवीकरण सम्बन्धी व्यवस्थाको दफा ६ | **दफा ६ को व्यवस्था**–अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाले प्रत्येक वर्ष माघ मसान्तभित्र नियमानुसारको राजश्व दाखिला गर्नु पर्ने छ, साथै सञ्चालन अनुमति प्राप्त संस्थाले नवीकरण प्रयोजनका लागि अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ। | अनुमति प्राप्त गरी सञ्चालनमा रहेको शिक्षण संस्थाले प्रत्येक वर्ष माघ मसान्तभित्र नियमानुसारको राजश्व दाखिला गर्नु पर्ने छ, **माघ मसान्तभित्र राजश्व दाखिला नगर्ने संस्थाले प्रति महिना प्रति कार्यक्रम दश हजारका दरले थप राजश्व दाखिला गरी सोही आर्थिक वर्षको असार मसान्तसम्ममा** नवीकरण प्रयोजनका लागि अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ। | यदी कुनै संस्थाले कुनै कारणले माघ मसान्तभित्र नियमानुसारको राजश्व दाखिला गरी नवीकरण प्रयोजनका आवेदन नगरेमा वा गर्न नसेमा के गर्ने भन्ने व्यवस्था नभएकोले |
| ९ क विश्वविद्यालय/ शिक्षण संस्थाको सम्बन्धन परिर्वन | सम्बन्धन परिवर्तन सम्बन्धी स्पष्ट व्यवस्था नै छैन। | सम्बन्धन परिवर्तन गर्दा सम्बन्धन परिवर्तन गर्न चाहने शिक्षण संस्थाले सञ्चालन गरिरहेका शैक्षिक कार्यक्रमहरू परिवर्तनहुने विश्वविद्यालयले पनि सञ्चालन गरिरहेको र उक्त शिक्षण संस्थालाई समेत सञ्चालन अनुमति दिएको अवस्था सबै शैक्षिक कार्यक्रमहरू परिवर्तन गरिने छ। | सम्बन्धन परिवर्तन सम्बन्धी स्पष्ट कानुनी व्यवस्था गर्नु आवश्यक छ। |
| परिच्छेद-६ दफा ९ख कार्यक्रम थप सम्बन्धी व्यवस्था | **उप दफा घ** थप गरी आवेदन उपर सोही आर्थिक वर्ष भित्रमा आवश्यक निर्णय लिई सक्ने गरी व्यवस्था गर्नु आवश्यछ। | **उप दफा घ थप गरी –**<br>(घ) उप दफा (क) बमोजिम रितपूर्वक कार्यक्रम थपका लागि प्राप्त आवेदनहरू अध्ययन गरी आवेदन बुझाउने अन्तिम मितिले ४५ दिन भित्र ६ महिनाको समय सीमा तोकी भौतिक तथा शैक्षिक पूर्वाधार निर्माण गर्नका लागि पत्र प्रदान गरिने छ। तत्पश्चात स्थलगत निरिक्षण गरेर सोही आर्थिक वर्ष भित्र नै कार्यक्रम थप गर्ने वा नगर्ने अन्तिम निर्णय गरिने छ। प्रकिया पुरा नगरेका तथा मापदण्ड पुरा नभएको शैक्षिक संस्थाहरूले पुनः कार्यक्रम थप गर्न चाहेका उप दफा (क) बमोजिम नै पुनः आवेदन गर्नु पर्नेछ। | आवेदन उपर कहिले सम्ममा आवश्यक निर्णय लिई सक्नु पर्ने छ भन्ने व्यवस्था भएकोले सो व्यवस्था गर्नु आवश्य छ। |
| परिच्छेद-६ दफा ९क को (ज) को व्यवस्था | सञ्चालनमा रहेको कम्पनीको नाम वा विश्वविद्यालयको नाम वा शैक्षिक कार्यक्रम वा शैक्षिक कार्यक्रमको नाम वा कार्यक्रमको अवधि वा उपाधिको नाम, संस्था (कलेज) को नाम वा सम्बन्धन परिवर्तन वा सञ्चालन स्थान परिवर्तन गर्ने स्वीकृती प्रदान भएमा सो वापत **पाँच लाख रुपैयाँ** थप राजश्व बुझाउनु पर्ने छ। | सञ्चालनमा रहेको कम्पनीको नाम वा विश्वविद्यालयको नाम वा शैक्षिक कार्यक्रमको नाम वा कार्यक्रमको अवधि वा उपाधिको नाम वा संस्था (कलेज) को नाम वा सम्बन्धन परिवर्तन वा सञ्चालन स्थान परिवर्तन गर्ने स्वीकृती प्रदान भएमा सो वापत **प्रत्येक शिर्षकको लागी एक लाख रुपैयाँ** राजश्व बुझाउनु पर्ने छ। | हालको व्यवस्थाले प्रस्ट व्याख्या गरेको छैन। |
| परिच्छेद-६ दफा ९ग को **भौतिक पूर्वाधार सम्बन्धी व्यवस्था**को (ग) को सम्बन्धमा | यस अघि सञ्चालन अनुमति प्राप्त शिक्षण संस्था र सञ्चालन अनुमतिका लागि आवेदन गरेका संस्थाहरूको हकमा समेत **सञ्चालन अनुमति पाएको १० वर्ष** भित्र मापदण्ड बमोजिमको जमिन संस्थाकै नाममा प्राप्त गरेको हुनु पर्नेछ। साथै, त्यस्ता संस्था शिक्षण संस्थाले **बढीमा १५ वर्ष भित्र आफ्नै स्वामित्वमा रहेको जमिनमा भवन निर्माण** | यस अघि सञ्चालन अनुमति प्राप्त शिक्षण संस्थाहरूको हकमा **निर्देशिका संशोधन भएको मितिले १० वर्ष** भित्र मापदण्ड बमोजिमको जमिन संस्थाकै नाममा प्राप्त गरेको हुनु पर्नेछ। साथै, त्यस्ता शिक्षण संस्थाले **निर्देशिका संशोधन भएको मितिले बढीमा १५ वर्ष भित्र आफ्नै स्वामित्वमा रहेको जमिनमा भवन निर्माण** गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। | हालको व्यवस्थाले कलेजहरू शैक्षिक विकास (गुणस्तरीय शिक्षा प्रदान)मा भन्दा पनि भौतिक पूर्वाधारहरू निर्माणमा ध्यान केन्द्रीत गर्ने अवस्था रहन्छ र त्यसले अभिभावक र विद्यार्थीहरूलाई नै शुल्क बृद्धि मार्फत आर्थिक भार पर्दछ। |

| | | | |
|---|---|---|---|
| | गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने छ । | | |
| परिच्छेद-६ दफा ९ग को **भौतिक पूर्वाधार सम्बन्धी व्यवस्थाको** (ङ) को सम्बन्धमा | दफा ९ग उपदफा (१) को खण्ड (ख) र खण्ड (ग) बमोजिमको **जग्गा मन्त्रालयको स्वीकृती विना विक्री गर्न, ऋण लिन र धरौटी राख्न नपाउने गरी मालपोत कार्यालयबाट रोक्का राखिने छ ।** कुनै कारणवस शिक्षण संस्थाले विद्यार्थीको अध्ययन पुरा नगरेमा धरौटीको अतिरिक्त यसरी रोक्का राखेको जग्गा मन्त्रालयले लिलाम बढाबढ गरी प्राप्त रकमबाट अध्ययन पुरा गराउन सक्नेछ । | दफा ९ग उपदफा (१) को खण्ड (ख) र खण्ड (ग) **बमोजिमको जग्गा शिक्षण संस्थाको वृद्धिविकासको लागि ऋण लिन र धरौटी राख्न कुनै बाधा हुने छैन ।** | **परिच्छेद-२, दफा ४ को सम्झौता पत्र सम्बन्धी व्यवस्थाको उपदफा (ग) शिक्षण संस्था बन्द भएमा अध्ययनरत विद्यार्थीको अध्ययन - सम्बन्धन प्रदान गर्ने विश्वविद्यालयले पुरा गर्नु पर्ने बिषय** को सुनिश्चता गरेको छ । तसर्थ शिक्षण संस्था बन्द भएमा विद्यार्थीहरूको अध्ययन निरन्तरतामा कुनै बाधा पर्दैन सो को लागि अचल सम्पत्ती नै रोक्का राख्न आवश्यक छैन । उक्त व्यवस्थाले गर्दा काठमाडौं लगायत प्रमुख सहरहरूमा जग्गा खरिद नै गर्न सकिदैन । |
| परिच्छेद-६ दफा ९ङ (१) को **धरौटी तथा दायीत्व सम्बन्धी व्यवस्था** | हाल अप्राविधिक विषयका लागि १ देखि ६ सम्मको बुँदामा र प्राविधिक विषयका लागि १ देखि ४ सम्मको बुँदामा धरौटी सम्बन्धी विषयहरू समेटीएको छ । | हाल अप्राविधिक विषयका लागि १ देखि ६ सम्मको बुँदामा र प्राविधिक विषयका लागि १ देखि ४ सम्मको बुँदामा धरौटी सम्बन्धी विषयहरू समेटीएको छ । *त्यसका साथै सोही खण्डमा* **छोटो अवधिका कोर्षहरू (Professional Certification Program) सञ्चालनका लागि प्रत्येक कार्यक्रमका लागि रु. ५०,०००/- धरौटी वापत रकम जम्मा गर्नु पर्ने छ ।** | संसारका उत्कृष्ट विश्वविद्यालयहरूले (Professional Certification Program) छोटो अवधिका सर्टिफिकेशन सम्बन्धी कोर्षहरू सञ्चालन गरिरहेका छन् त्यस्ता कार्यक्रमहरू हाम्रो देशमा पनि Working Professional हरूका लागि आवश्यक छ । |
| परिच्छेद-७ विविधको दफा ९ मा रहेको व्यवस्था | सम्झौता बमोजिम आउने **विदेशी शिक्षकहरूको** लागि अध्ययन/अध्यापन भिसाको सिफारिस मन्त्रालयले गर्ने छ । | नेपालका शिक्षण संस्थामा अध्ययनका लागि आउने **विदेशी विद्यार्थीहरू** र सम्झौता बमोजिम आउने **विदेशी शिक्षक**को लागि अध्ययन र अध्यापन भिसाको सिफारिस मन्त्रालयले गर्ने छ । | हाल नेपाल आउने विदेशीहरूले on arrival visa प्रदान गर्ने गरिएको छ । उक्त व्यस्थाले गर्दा विदेशी विद्यार्थीहरू निश्चिन्त भएर नेपालमा आउन सकिरहेका छैनन् । विदेश स्थित हाम्रा नियोग मार्फत Student Visa प्रदान गर्ने व्यवस्था मिलाउनु पर्छ । |
| अनुसूची-२ **कबुलियतनामा** को सर्त नं. ५ का सम्बन्धमा | विदेशी शिक्षण संस्थाका सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ बमोजिम **धरौटीको रुपमा राखिएको रकम र संस्थाका नाममा रहेको जग्गा मन्त्रालयको स्वीकृती विना झिक्न, विक्रि गर्न, ऋण लिन वा प्रयोग गर्ने छैन/छैनौं ।** | दफा ९ग उपदफा (१) को खण्ड (ख) र खण्ड (ग) **बमोजिमको जग्गा मन्त्रालयको स्वीकृती विना विक्रि गर्न पाइने छैन् ।** | |

| निर्देशिकामा थप गर्नु पर्ने विषयहरू |
|---|
| • विदेशी शिक्षण संस्थाको सम्बन्धनमा नेपालमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेका शिक्षण संस्थाहरूले आफुले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरूको (उपाधिको) समकक्षता त्रिभुवन विश्वविद्यालयबाट संस्थागत रुपमा गराउनु पर्ने व्यवस्था रहेको छ । त्रिभुवन विश्वविद्यालयले |

संस्थागत समकक्षतालाई हरेक दुई/दुई वर्षमा नवीकरण गर्नु पर्ने व्यवस्था गरेको छ। सो व्यवस्था अव्यवहारी र औचित्य हिन भएकोले एक पटक संस्थागत समकक्षता लिए पछी दुई/दुई वर्षमा नवीकरण गर्नु पर्ने व्यवस्था खारेज गरिनु पर्छ।

- निर्देशिकाको परिच्छेद-५ को दफा (५) मा विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित शिक्षण संस्थाहरूले संस्थाको नवीकरणका लागी प्रति वर्ष प्रति विद्यार्थी रु.१५००/- का दरले राजश्व दाखिला गर्नु पर्ने व्यवस्था छ। उक्त रकम राजश्व खातामा दाखिला गर्नु भन्दा **"विद्यार्थी कल्याण कोष"** स्थापना गर्नु राम्रो हुन्छ। त्यसरी स्थापित कोषबाट विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीले कुनै कारण अभिभावक वा स्पोन्सर गुमाएमा उक्त विद्यार्थीको अध्ययन निरन्तरताका लागि शैक्षिक ऋण वा सहायता प्रदान गर्ने व्यवस्था गर्नु राम्रो हुन्छ।